"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"

## कञ्चन गाउँपालिका

# स्वास्थ्य कार्यक्रमको वार्षिक प्रतिवेदन

## आ.व. २०८२/८३




## कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## स्वास्थ्य शाखा

कञ्चन-२, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

कञ्चन गाउँपालिका

# स्वास्थ्य कार्यक्रमको वार्षिक प्रतिवेदन

आ.व. २०८२/८३

प्रकाशक:

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्वास्थ्य शाखा**

कञ्चन-२, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## कञ्चन गाउँपालिका



**नवराज ढकाल**
अध्यक्ष



**मौसमी थापा मगर**
उपाध्यक्ष



**माधव प्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत

## कञ्चन गाउँपालिका स्वास्थ्य शाखा



**ढाल बहादुर जि.सी.**
जनस्वास्थ्य अधिकृत



**अनुपा गौतम**
जनस्वास्थ्य अधिकृत



**गणेश सुनार**
जनस्वास्थ्य निरीक्षक



**भारती थापा**
सि.अ.न.मी.

## कञ्चन गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था प्रमुखहरु



**खिमानन्द खनाल**
आयुर्वेद शाखा प्रमुख



**गिताराम रिजाल**
स्वास्थ्य अधिकृत सातौं
गजेडी स्वास्थ्य चौकी



**विष्णु प्रसाद ढकाल**
स्वास्थ्य अधिकृत सातौं
रुद्रपूर स्वास्थ्य चौकी



**लक्ष्मी गौतम के.सी.**
सि.अ.हे.व. अधिकृत
आ.स्वा.से.केन्द्र, लौसा



**देवी माया सुनार**
सि.अ.हे.व.
आ.स्वा.से.केन्द्र, भैसाही



**संगिता आचार्य ढकाल**
अ.हे.व.
आ.स्वा.से.केन्द्र, हरैया



**ज्योती क्षेत्री**
कार्यालय सहयोगी

कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :-

चलानी नं./Dispatch No.:- २०८३/०८४

# मन्तव्य



कञ्चन गाउँपालिका ,स्वास्थ्य शाखा रुपन्देहीले आ.व.२०८२।०८३ को प्रगति विवरण सहित वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। यो प्रतिवेदन प्रकाशनको सन्दर्भमा गाउँपालिकाको सोच, उद्देश्य तथा कार्ययोजनाहरु कार्यान्वय गर्न सहयोग पुऱ्याउने समस्त स्वास्थ्यकर्मीहरु तथा स्वयंसेविकाहरु प्रति आभार व्यक्त गर्दछु।

आम नागरिकको स्वास्थ्य र समग्र विकास बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकाङ्कहरुको रुपमा लिइन्छ। विगतका दशकमा गरिबी र द्वन्द्वका बिचबाट गुज्रेर पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ।

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रामक रोगहरु नियन्त्रण गर्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाँउदै जानु, स्वास्थ्य सम्बन्धी विपद तत्काल व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, गरिब, सिमान्तकृत र जोखिममा रहेको समुदायलाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्य हो।

जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी प्राप्त उपलब्धिहरुलाई रक्षा गर्दै स्वास्थ्य क्षेत्रमा रहेका विद्यमान चुनौतिहरुलाई सही ढङ्गले सम्बोधन गर्न जनताको घरदैलोमा रहेको सरकारको हिसाबले राज्यका दायित्व पुरा गर्ने गरी स्थानीय सरकार सदैव तयार रहेको छ।

यस प्रतिवेदनले स्वास्थ्य सम्बन्धी महत्वपूर्ण तथ्याङ्कहरु उपलब्ध गराउनुका साथ साथै गत आ.व. का उपलब्धि र कामको समीक्षा चित्रित गरेको छ। जसले चालु आ.व.का कार्यक्रमहरु सञ्चालन गर्न मार्ग निर्देश समेत गर्नेछ भन्ने विश्वास छ। यो प्रतिवेदन स्थानीय तह तथा सम्बद्ध सबै सरोकारवालाहरुलाई योजना तर्जुमा तथा कार्यान्वयनमा समेत सहयोगी बन्ने छ भन्ने अपेक्षा लिएको छु।

वार्षिक प्रतिवेदन तयार गर्न खट्नुहुने कञ्चन गाउँपालिका स्वास्थ्य शाखाका साथै सम्बद्ध सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मिति २०८३/०५/०७

नवराज ढकाल
अध्यक्ष

# मन्तव्य



कञ्चन गाउँपालिका, स्वास्थ्य शाखाले आ.व. २०८२।८३ को प्रगति विवरण सहित वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। यस सन्दर्भमा गाउँपालिकाको सोच, उद्देश्य तथा कार्ययोजनाहरु कार्यान्वय गर्न सहयोग पुर्‍याउने समस्त स्वास्थ्यकर्मीहरु तथा स्वयं सेविका प्रति आभार व्यक्त गर्दछु।

आम नागरिकको स्वास्थ्य र समग्र विकास बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकाङ्कहरुको रुपमा लिइन्छ। विगतका दशकमा गरिबी र द्वन्द्वका बाबजुद पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनिय सफलता हासिल गरेको छ।

गाउँपालिकामा सुनौलो हजार दिनका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन गाउँपालिका स्वास्थ्य शाखाले उल्लेखनीय भूमिका निर्वाह गरेको छ। सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम तथा सेतो गुराँस कार्यक्रमको माध्यमद्वारा जनताको पोषण क्षेत्रमा उल्लेखनीय परिवर्तन आएको छ। सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्थालाई प्रवर्द्धन गर्न तथा पुर्ण संस्थागत प्रसुति सेवालाई निरन्तरता दिन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई नेपालमै एउटा नमूनाको रुपमा कार्यक्रमलाई अगाडी बढाइएको छ। स्वास्थ्यका यी विभिन्न गतिविधीहरुले कञ्चन गाउँपालिकाको स्वास्थ्य क्षेत्रलाई नमूनाको रुपमा चिनाउन सफल भएको छ।

यस प्रतिवेदनले स्वास्थ्य सम्बन्धी महत्वपूर्ण तथ्याङ्कहरु उपलब्ध गराउनुका साथै गत आ.व. को उपलब्धि र कामको समिक्षा चित्रण गरेको छ। जसले चालु आ.व.का कार्यक्रमहरु सञ्चालन गर्न मार्ग निर्देश समेत गर्नेछ भन्ने विश्वास लागेको छ। यो प्रतिवेदन स्थानीय तह तथा सम्बद्ध सबै सरोकारवालाहरुलाई योजना तर्जुमा तथा कार्यान्वयनमा समेत सहयोगी बन्नेछ भन्ने अपेक्षा लिएको छु।

वार्षिक प्रतिवेदन तयार गर्न खट्नुहुने कञ्चन गाउँपालिका स्वास्थ्य शाखाका साथै गाउँपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मिति २०८३/०५/१७

मौसमी थापा मगर
उपाध्यक्ष

पत्र संख्या / Ref No :-

चलानी नं. / Dispatch No.:- २०८३/०८४

## शुभकामना



कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखाले आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिका स्वास्थ्य प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । गाउँपालिकाको समग्र स्वास्थ्यसँग सम्बन्धित तथ्यांङ्कहरुको प्रस्तुतीकरण तथा विश्लेषण र स्वास्थ्य क्षेत्रको यथार्थ चित्रणबाट आगामी स्वास्थ्य रणनीति तय गरी तदनुरुप कार्यक्रमको छनौट र प्राथमिकतामा समेत सहयोग पुग्ने छ भन्ने महसुस गरेको छु।

यसमा उल्लेख गरिएका तथ्याङ्कहरुबाट कञ्चन गाउँपालिकाको सम्पूर्ण स्वास्थ्य कार्यक्रमहरुको स्थितिका बारेमा जानकारी हुनुका साथै स्वास्थ्य क्षेत्रका समग्र विषयहरुको अध्ययन तथा अनुसन्धानमा समेत यो पुस्तक सम्बन्धित सबै को लागि उपयोगी हुने विश्वास लिएको छु। साथै यसले आगामी योजना तर्जुमामा समेत महत्वपूर्ण आधार प्रदान गर्ने आशा लिएको छु।

यो पुस्तक तयार गरी प्रकाशन गर्ने स्वास्थ्य शाखा र उक्त कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्दै आगामी दिनमा समेत उक्त कार्यको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

मिति २०८३/०५/१७

..................................
माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, रूपन्देही

प.स.:
च.नं.: २०८३/०८४

## शुभकामना



कञ्चन गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को समग्र वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी प्राप्त हुँदा अत्यन्त खुसी लागेको छ। यस प्रतिवेदनले कन्चन गाउँपालिकामा सञ्चालित स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरूको प्रगति, उपलब्धिलाई तथ्यपरक रूपमा प्रस्तुत गर्दै सबल पक्षको सुदृढीकरण र सुधार आवश्यक क्षेत्रको पहिचानमा सहयोग पुऱ्याउने विश्वास लिएको छु।

प्रतिवेदनमा समेटिएका तथ्याङ्क, विश्लेषण तथा निष्कर्षले स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवाको प्रभावकारी योजना तथा सुदृढीकरणमा योगदान पुऱ्याउनुका साथै जिल्ला, प्रदेश तथा राष्ट्रिय स्वास्थ्य सूचकहरूको सुधारका लागि समेत उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरेको छु। साथै, यस प्रतिवेदन मा प्रस्तुत गरिएका सूचना तथा तथ्याङ्कहरु, योजनाकार, नीति निर्माता, निर्णयकर्ता, व्यवस्थापक, अनुसन्धानकर्ता, स्वास्थ्य सेवा प्रदायक, विद्यार्थी तथा अन्य सरोकारवालाका लागि महत्वपूर्ण स्रोतका रूपमा रहने विश्वास लिएको छु।

अन्त्यमा, कन्चन गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवालाई पहुँचयोग्य र गुणस्तरीय बनाउन योगदान गर्नुहुने पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधि, स्वास्थ्य शाखा प्रमुख सहित सम्पूर्ण स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सरकारी तथा गैरसरकारी संस्था, विकास साझेदार एवं सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दै, यस प्रतिवेदनले आगामी दिनमा स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकास, प्रभावकारी सेवा प्रवाह तथा नागरिकको स्वास्थ्य अवस्थामा सकारात्मक सुधार ल्याउन मार्गदर्शन प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

..............................
उमा देवी थापा
कार्यालय प्रमुख
स्वास्थ्य कार्यालय, रुपन्देही

**Email:** horupandehi@gmail.com/dpho.rupandehi@gmail.com

कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
*Lumbini Province, Nepal*

पत्र संख्या / Ref No :-
चलानी नं. / Dispatch No.:- २०८३/०८४

# दुई शब्द



यो प्रतिवेदन आ.व. २०८२/०८३ कञ्चन गाउँपालिका स्वास्थ्य शाखा अन्तरगत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरु, गैर सरकारी तथा विकास साझेदार संस्थाहरुबाट वर्षभरी प्रदान गरिएका प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवाहरु एवं प्रेषण कार्यहरुको अभिलेख राखि मासिक रुपमा रिपोर्टिङ्ग गरिएका आधारमा तयार गरिएको छ। यस प्रतिवेदनमा गाउँपालिका भित्रका कुन स्वास्थ्य संस्थाबाट कति जनालाई, कस्ता किसिमका स्वास्थ्य सेवाहरु प्रदान गरिएको हो सो को तस्बिर स्पष्ट हुने र उक्त सेवाहरुको विश्लेषण गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका वर्ग, समूह, समुदाय एकिन गरी उपलब्ध स्रोत साधन र सम्भाव्यताको आधारमा स्वास्थ्य समस्याको प्राथमिकीकरण गरी सामाधानका उपायहरु पहिल्याउदै समग्र कञ्चन बासी जनताहरुलाई समान रुपमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिका स्वास्थ्य शाखासधै कटिबद्ध र दृढ संकल्पित रहेको छ।

नेपालको संविधान २०७२ ले प्रदत्त गरेको मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सर्वशुलभ र निःशुल्क उपलब्ध गराउने वातावरणको सुनिश्चितताका लागि यस शाखालाई उपलब्ध वार्षिक कार्यक्रम, बजेट, दक्ष जनशक्ति, भौतिक पूर्वाधार, औषधी उपकरण, बदलिदो परिवेशमा स्थानीय स्वास्थ्य संस्था सँग समन्वय र यसको समुचित व्यवस्थापनबाट पालिका बासी जनताहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिदै आएको र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने दिशातिर उन्मुख रहँदै आएको छ।

यस महान कार्यमा अनवरत खटीरहनु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्था समितिका पदाधिकारी, गैर सरकारी एवं निजी संघसंस्था, स्थानीय समुदाय लगायत स्वास्थ्य सेवा लिनुहुने सम्पूर्ण सेवाग्राहीहरु, समय समयमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, नागरिक समाज, निरन्तर रुपमा कार्यक्रम बजेट, प्राविधिक सहयोग, आवश्यक, सल्लाह सुझाव उपलब्ध गराउनु हुने केन्द्र, प्रदेश र स्वास्थ्य कार्यालय रुपन्देहीलाई स्वास्थ्य शाखाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

शुभकामना सन्देशको लागि अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यो प्रतिवेदनमा विगत तीन आर्थिक वर्षको समग्र स्वास्थ्य सेवा प्रवाहको महत्वपूर्ण तथ्याङ्कहरु प्रस्तुत गरिएको मात्र नभई प्रत्येक कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति र सम्पादन गरिएका क्रियाकलाप लगायत कार्यक्रम सञ्चालन गर्दा देखा परेका समस्याहरुको समाधानको उपाय सहितको कार्ययोजना समेत तयार पारिएकोले स्वास्थ्य सम्बन्धी सरोकार राख्ने सबै सरोकार वालाहरुलाई यो प्रतिवेदन एउटा महत्वपूर्ण स्रोतको रुपमा रहने छ भन्ने आशा राख्दै प्रतिवेदन तयारी गरी प्रकाशन कार्यमा अनवरत खटिनुहुने तथ्यांङ्क फोकल पर्शन गणेश सुनार, प्रशासन, लेखा र अन्य सम्पूर्ण शाखामा कार्यरत सहकर्मी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

मिति २०८२/०५/२७

.............................
ढाल बहादुर जि.सी
स्वास्थ्य शाखा प्रमुख

द्द घङघद्

# विषयसूची


| शिर्षक | पृष्ठ |
|---|---|
| **कञ्चन गाउँपालिकाको संक्षिप्त परिचय** | **१** |
| **ऐतिहासिक चिनारी तथा नामाकरण** | **३** |
| **प्राकृतिक सम्पदा** | **४** |
| **कञ्चन गाउँपालिका स्वास्थ्य शाखा** | **८** |
| जनस्वास्थ्य कार्यक्रमको उपलब्धी | ९ |
| जनस्वास्थ्यमा देखिएका सामाजिक निर्धारक तत्वहरू | ९ |
| जनस्वास्थ्य सेवामा  देखिएका चुनैतिहरू | ९ |
| जनस्वास्थ्य सेवा सम्पादनका तरिकाहरू | १० |
| **राष्ट्रिय खोप कार्यक्रम** | **२१** |
| परिचय | २१ |
| राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य | २१ |
| उद्देश्यहरु | २१ |
| नितिहरु | २१ |
| सम्पादित प्रमुख क्रियाकलापहरु | २२ |
| अनुगमन सुपरिवेक्षण | २२ |
| राष्ट्रिय खोप कार्यक्रम | २३ |
| समस्या र चुनौतिहरु | २५ |
| आगामी कदम | २५ |
| **पोषण कार्यक्रम** | **२६** |
| परिचय | २६ |
| लक्ष्य | २६ |
| उद्देश्य | २६ |
| रणनीति | २६ |
| मुख्य सूचकहरुको प्रवृतिः | २७ |
| सम्पादित प्रमुख क्रियाकलापहरु | २९ |
| **समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम** | **३०** |
| परिचय | ३० |
| लक्ष्य | ३० |
| रणनीतिहरु | ३० |
| समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम | ३० |
| **सुरक्षित मातृत्व कार्यक्रम** | **३२** |

लक्ष्य ..................................................................................................................३२
उद्देश्य ..................................................................................................................३२
रणनीति ..................................................................................................................३२
सम्पालदत प्रमुख क्रियाकलापहरु ..................................................................................३२
मुख्य सूचकहरुको प्रवृति.............................................................................................३३
सुरक्षित मातृत्व कार्यक्रम.............................................................................................३३
समस्या र चुनौतिहरु..................................................................................................३४
**परिवार योजना  सामुदायिक सेवा कार्यक्रम.................................................................. ३५**
लक्ष्य ..................................................................................................................३५
उद्देश्य ..................................................................................................................३५
रणनीति ..................................................................................................................३५
मुख्य सूचकहरुको प्रवृति.............................................................................................३५
समस्या र चुनौतिहरु..................................................................................................३७
**राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम............................................................................ ३८**
परिचय ..................................................................................................................३८
लक्ष्य ..................................................................................................................३८
उद्देश्यहरु ..............................................................................................................३८
रणनीतिहरु ..............................................................................................................३८
मुख्य सूचकहरुको प्रवृति.............................................................................................३९
**कुष्ठरोग नियन्त्रण कार्यक्रम...................................................................................... ४०**
परिचय ..................................................................................................................४०
लक्ष्य ..................................................................................................................४०
उद्देश्य ..................................................................................................................४०
रणनीतिहरु ..............................................................................................................४०
मुख्य सूचकहरुको प्रवृति.............................................................................................४०
**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम ........................................................ ४२**
परिचय ..................................................................................................................४२
लक्ष्य ..................................................................................................................४२
उद्देश्यहरु ..............................................................................................................४२
रणनीतिहरु ..............................................................................................................४२
सम्पादित मुख्य क्रियाकलापहरु.....................................................................................४२
महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका कार्यक्रम.........................................................४३
**गाउँघर क्लिनिक कार्यक्रम ......................................................................................... ४४**
परिचय ..................................................................................................................४४

लक्ष्य ......................................................................................................................................४४
उद्देश्यहरु ................................................................................................................................४४
रणनीतिहरु ...............................................................................................................................४४
मुख्य सूचकहरुको प्रवृति ...........................................................................................................४५
समस्या र चुनौतिहरु .................................................................................................................४५
उपचारात्मक सेवा ....................................................................................................................४५
दश मुख्य रोगहरु .....................................................................................................................४६
**राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम ................................................................................................ ४७**
परिचय ....................................................................................................................................४७
लक्ष्य ......................................................................................................................................४७
उद्देश्यहरु ................................................................................................................................४७
रणनीतिहरु ...............................................................................................................................४७
सम्पादित क्रियाकलापहरु ...........................................................................................................४७
उपलब्धी ..................................................................................................................................४७
समस्या र चुनौतिहरु .................................................................................................................४७
**राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा सञ्चार कार्यक्रम ........................................................................ ५४**
लक्ष्य ......................................................................................................................................५४
उद्देश्यहरु ................................................................................................................................५४
रणनीतिहरु ...............................................................................................................................५४
सम्पादित क्रियाकलापहरु ...........................................................................................................५४
चुनौति .....................................................................................................................................५५
**स्वास्थ्यकर कोषबाट सञ्चालित कार्यक्रम ........................................................................................ ५६**
परिचय ....................................................................................................................................५६
लक्ष्य ......................................................................................................................................५६
उद्देश्यहरु ................................................................................................................................५६
रणनीतिहरु ...............................................................................................................................५६
सम्पादित क्रियाकलापहरु ...........................................................................................................५६
चुनौति .....................................................................................................................................५६
**प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम ................................................................................................. ५७**
लक्ष्य ......................................................................................................................................५७
उद्देश्यहरु ................................................................................................................................५७
रणनीतिहरु ...............................................................................................................................५७
सम्पादित क्रियाकलापहरु ...........................................................................................................५७
समस्या र चुनौतिहरु .................................................................................................................५७

**एकिकृत स्वास्थ्य व्यवस्थापन तथा सुचना कार्यक्रम ........ ५८**
लक्ष्य ........ ५८
उद्देश्यहरु ........ ५८
रणनीतिहरु ........ ५८
सम्पादित क्रियाकलापहरु ........ ५९
**आपुर्ति व्यवस्थापन कार्यक्रम ........ ६०**
परिचय ........ ६०
लक्ष्य ........ ६०
उद्देश्यहरु ........ ६०
रणनीतिहरु ........ ६०
सम्पादित क्रियाकलापहरु ........ ६०
समस्या र चुनौतिहरु ........ ६०
**कर्मचारी प्रशासन ........ ६१**
परिचय ........ ६१
लक्ष्य ........ ६१
उद्देश्यहरु ........ ६१
रणनीतिहरु ........ ६१
**विपन्न नागरिक औषधी उपचार राहत कोष निर्देशिका २०८० अनुसार सिफारिस गरिएका सेवाग्राहीहरु ........ ६२**
**विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०८० अनुसार उपचार राहतको लागि सिफारिस गरिएको विवरण ........ ६३**
**प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुबिधा निर्देशिका २०७८ मार्फत सिफारिस गरिएको सेवाग्राहीको विवरण (प्रदेश सिफारिस) ........ ६३**
**जिविकोपार्जनको वापत रु ५००० प्राप्त गरेका सेवाग्राहीहरुको विवरण ........ ६६**
**जिविकोपार्जनको वापत रु ५००० प्राप्त गरेका सेवाग्राहीहरुको असार मसान्त सम्मको विवरण ........ ६७**
**प्रजनन स्वास्थ्य रुग्णता सेवा ........ ७०**
**कञ्चन गाउँपालिका अन्तर्गतका खोप केन्द्रहरुको विवरण ........ ७१**
**कञ्चन गाउँपालिका अन्तर्गत रहेका एम्बुलेन्सहरुको विवरण ........ ७२**
**आ.ब. २०८२/०८३ को लक्षित जनसंख्या ........ ७३**
**यस कञ्चन गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण स्वास्थ्य संस्था प्रमुखहरुको फोन नं ........ ७३**
**कञ्चन गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण ........ ७४**
**यस गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरुको विवरण ........ ७५**

**स्थानीय तहको सिमाङ्कन नक्सा**




## १. कञ्चन गाउँपालिकाको संक्षिप्त परिचय :

साविक गजेडी र रूद्रपुर गा.वि.स.लाई समेटेर बनेको कञ्चन गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लाका १० गाउँपालिकामध्ये एक हो । गाउँपालिका रूपन्देही जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ५ अन्तर्गत पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ब्राम्हण, क्षेत्री, मगर, गुरूङ्ग, नेवार, कामी, सार्की, दमाइ लगायत पहाडी मुलका विभिन्न जातजाति र रैथाने थारू, यादव, लोध, कुर्मी, हरिजन, मुसलमान आदि जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृति मान्ने १०,४४० घरधुरी रहेका छन् जसमा महिला २३,१२० र पुरूष १९,४०८ गरी जम्मा ४२,५२८ जनसंख्या रहेको छ । यस गाउँपालिकामा दशैं, तिहार, जनैपूर्णिमा, तिज, छठ, होली, बुद्ध जयन्ती, तमु ल्होसार, मोहर, क्रिसमस, इद लगायतका विभिन्न चाडपर्व मनाइन्छ ।

***कञ्चन गाउँपालिकाका वडाहरू र गाउँपालिका प्रशासनिक भवन देखि वडा कार्यालय भवनसँगको दूरी विवरण***

| वडा नं. | वडाको केन्द्र | दूरी | कैफियत |
|---|---|---|---|
| १ | लौसा | २ कि.मि | |
| २ | गजेडी | १ कि.मि | |
| ३ | हरैया | ८.१ कि.मि. | |

| | | | |
|---|---|---|---|
| ४ | शिवालय चोक | ४ कि.मि. | |
| ५ | भैसाही | ७ कि.मि | |

## २. भौगोलिक अवस्थिति

**अवस्थिति :** अक्षांश : ८३°३१'८६.३३" उत्तर

देशान्तर : २७°५४'८८.०१" दक्षिण

**सिमाना :** पूर्व : सैनामैना गाउँपालिका र गैडहवा गाउँपालिका

पश्चिम : कपिलवस्तु जिल्ला सिमाना

उत्तर : सैनामैना गाउँपालिका

दक्षिण : गैडहवा गाउँपालिका

**क्षेत्रफल :** ५८.५१ वर्ग कि.मि.

**हावापानी :** उष्ण

**गाउँपालिकाको नामाकरण :** कञ्चन गाउँपालिका

**गाउँपालिकाको प्रशासनिक विभाजन :** ५ वडा

**गाउँपालिकाका मुख्य नदी तथा तालतलैया**

**ताल :** गजेडी दानापुर ताल, लौसा ताल

**नदी :** कञ्चन नदी, कोठी खोला

<table>
<tr><th>विषय</th><th colspan="3">विवरण</th></tr>
<tr><td>परिचय</td><td colspan="3">कञ्चन गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्र्तगत रुपन्देही जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गबाट १ कि.मि. भित्ररहेको एक गाउँपालिका हो ।</td></tr>
<tr><td colspan="4">नेपालको मानचित्रमा कञ्चन गाउँपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।</td></tr>
<tr><td>प्रदेश</td><td colspan="3">लुम्बिनी</td></tr>
<tr><td>जिल्ला</td><td colspan="3">रुपन्देही</td></tr>
<tr><td>गाउँपालिका</td><td colspan="3">कञ्चन गाउँपालिका</td></tr>
<tr><td>वडा संङ्ख्या</td><td colspan="3">५</td></tr>
<tr><td rowspan="2">संघीयता पश्चात वडा विभाजन</td><td>हालको वडा नं.</td><td>समावेश भएका साबिकका गा.वि.स.</td><td>साविक वडा नं.</td></tr>
<tr><td>१</td><td>गजेडी गा.वि.स.</td><td>१-३</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | २ | गजेडी गा.वि.स. | ४-९ |
| | ३ | रुद्रपुर गा.वि.स. | ७-९ |
| | ४ | रुद्रपुर गा.वि.स. | १,५,६ |
| | ५ | रुद्रपुर गा.वि.स. | २-४ |
| सम्पर्क नं. | ९८५७०८८२४६ | | |
| इमेल | Kanchangaupalika@gmail.com | | |
| भौगोलिक अवस्थिति | अक्षांश ८३°३१'८६.३३" उत्तर<br>र देशान्तर २७°५४'८८.०१" दक्षिण | | |
| क्षेत्रफल | ५८.५१ वर्ग किलोमिटर | | |
| उचाई | १०५ देखि ४९५ मिटरसम्म | | |
| सिमाना | पूर्वतर्फ रुपन्देहीको सैनामैना गाउँपालिका र गैडहवा गाउँपालिका | | |
| | पश्चिमतर्फ कपिलवस्तुको बुद्धभूमि गाउँपालिका | | |
| | उत्तरतर्फ सैनामैना गाउँपालिका , | | |
| | दक्षिणतर्फ रुपन्देहीको गैडहवा गाउँपालिका | | |
| जलवायु | उष्ण | | |

### ऐतिहासिक चिनारी तथा नामाकरण

यस गाउँपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक स्थललाई वडागत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ यस ठाउँहरूको विकास र विस्तार गर्न सके कञ्चन गाउँपालिकाको ऐतिहासिक स्थलहरूको संरक्षण हुनुका साथै स्थानीयहरूको आर्यआर्जनमा पनि वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

## ३. राजनीतिक अवस्थिति

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगको निर्णय बमोजिम कञ्चन गाउँपालिकाको घोषणा गरिएको थियो । निर्वाचन क्षेत्र निम्नानुसार रहेको छ ।

| निर्वाचनको प्रकार | निर्वाचन क्षेत्र |
|---|---|
| प्रतिनिधि सभा | ५ |
| प्रदेश सभा | ५ (१) |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय , रुपन्देही*

**प्राकृतिक सम्पदा**

प्राकृतिक रुपमा उपलब्ध वा प्रकृतिद्वारा नै निशुल्क प्रदान गरेका हरेक श्रोत तथा साधनहरुलाई नै प्राकृतिक सम्पदा भनेर भन्न सकिन्छ । हाम्रो देश भौगोलिक तथा जैविक विविधताले भरिएको देश हो। यस गाउँपालिका पनि प्राकृतिक सम्पदाले भरिएको क्षेत्र हो । यहाँ रहेका विभिन्न प्रकृतिप्रदत्त उपहारले यस क्षेत्रको गरिमालाई अझ बढी उजागर गरेको छ । प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो । मठ मन्दिर तथा विभिन्न धार्मिक सम्पदाले यस गाउँपालिकाको स्वरुपलाई सुन्दर बनाएका छन् ।

| क .स. | सम्पदाको नाम | रहेको स्थान |
|---|---|---|
| १ | भैरवस्थान वालाचतुर्दशीको मेला | वडा नं.४ |
| २ | सोंगा सुपा देउराली | वडा नं.३ |
| ३ | ऐतिहासिक वरको रूख बेलभरिया | वडा नं.१ |
| ४ | मलावरदेवी मन्दिर | वडा नं.३ |
| ५ | कर्मा टासी छुलिङ्ग गुम्बा | वडा नं.४ |
| ६ | सुनगाभा हर्नाचौर शान्ति पार्क | वडा नं ४ |
| ७ | सुपा देउराली पार्क | वडा नं.१ |
| ८ | सुकेताल दुर्गा मन्दिर चिल्ड्रेन पार्क | वडा नं.२ |
| ९ | गजेडी दानापुर ताल | वडा नं.१ |

*स्रोतः वडा कार्यालयहरु*

## ४. कञ्चन गाउँपालिका घरधुरी, जनसंख्या र लैङ्गिक जनसंख्याको विवरण

| राष्ट्रिय जनगणना २०७८ | | | | | कैफियत |
|---|---|---|---|---|---|
| वडा | घरधुरी संख्या | जनसंख्या | पुरुष | महिला | |
| १ | २१६३ | ८६७४ | ४०२६ | ४६४८ | |
| २ | १५९९ | ७३७५ | ३५०७ | ३८६८ | |
| ३ | २३६५ | ९२५३ | ४१३५ | ५११८ | |
| ४ | २३९८ | ९६५८ | ४२९४ | ५३६४ | |
| ५ | १९१५ | ७५६८ | ३४४६ | ४११२ | |
| **जम्मा** | **१०४४०** | **४२५२८** | **१९४०८** | **२३१२०** | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## ५. गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण

| क्र.स. | नाम थर | पद | फोन नं. |
|---|---|---|---|
| **१** | **श्री नवराज ढकाल** | **अध्यक्ष** | ९८५७०७३३११ |
| **२** | **श्री मौसमी थापा मगर** | **उपाध्यक्ष** | ९८५७०७१८३४ |
| **३** | **श्री हरि नारायण थारू** | **वडा अध्यक्ष वडा नं. १** | ९८५७०३७१२१ |
| ४ | श्री लेखा राहादी मगर | वडा सदस्य | ९८४७१५९१७६ |
| ५ | श्री जुना परियार दर्जी | वडा सदस्य | ९८६२४२१५९० |
| ६ | श्री लेखनाथ ढकाल | वडा सदस्य | ९८४७४०६९३८ |
| ७ | श्री कृष्ण प्रसाद अर्याल | वडा सदस्य | ९८६७०३६७१० |
| **८** | **श्री टेक बहादुर गुरूङ्ग** | **वडा अध्यक्ष वडा नं. २** | ९८५७०३९९१८ |
| ९ | श्री रञ्जना थारू | कार्यपालिका सदस्य | ९८१४४४६८०५ |
| १० | श्री शान्तिमाया थापा बि.क. | वडा सदस्य | ९८४७७४४२२२ |
| ११ | श्री भरतलाल यादव | वडा सदस्य | ९८१९४२९२५८ |
| १२ | श्री त्रिवेणी थारू | वडा सदस्य | ९८१००८३४८१ |
| **१३** | **श्री टिकाराम सापकोटा** | **वडा अध्यक्ष वडा नं. ३** | ९८४७२४६२९६ |
| १४ | श्री सुक माया दर्जी | कार्यपालिका सदस्य | ९८११९५१४३० |
| १५ | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य | ९८११५२३४१३ |
| १६ | श्री अम्बिका कुमारी पुन | वडा सदस्य | ९८०४४१९२१८ |
| १७ | श्री दिपक अधिकारी | वडा सदस्य | ९८६७२५९५०२ |
| **१८** | **श्री केशर बहादुर खत्री** | **वडा अध्यक्ष वडा नं. ४** | ९८६७३३४७७७ |
| १९ | श्री शुशीला थापा | कार्यपालिका सदस्य | ९८१७५९६४५० |
| २० | श्री श्रीमाया नेपाली | वडा सदस्य | ९८११९६९६५१ |
| २१ | श्री कुल बहादुर श्रीस थापा | वडा सदस्य | ९८६७३४७५२६ |
| २२ | श्री तुल बहादुर गुरूङ्ग | वडा सदस्य | ९८६७५७४२३६ |
| **२३** | **श्री कुल प्रसाद पौडेल** | **वडा अध्यक्ष वडा नं. ५** | ९८५७०३४०३२ |
| २४ | श्री इन्दिरा गौतम | वडा सदस्य | ९८४३८०१९०८ |
| २५ | श्री मिना बि.क. सुनार | वडा सदस्य | ९८००६३८०८८ |
| २६ | श्री बिष्णु थारू | वडा सदस्य | ९८६०५२३८६१ |
| २७ | श्री रूम बहादुर पुन | वडा सदस्य | ९८४२००२५९१ |
| २८ | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य | ९८४८६२६५८१ |
| २९ | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य/प्रवक्ता | ९८४३५७०७५३ |

### ६. *कञ्चन गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण*

| क्र.स. | स्वास्थ्य संस्था | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | २ | |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३ | |
| ३ | आयुर्वेद औषधालय | १ | |

गाउँपालिकामा शिशु मृत्युदर, बाल मृत्युदर तथा मातृ मृत्युदर शुन्य रहेको छ ।

### ७. *कञ्चन गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण*

*सामुदायिक विद्यालय*

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सरस्वती माध्यामिक विद्यालय | कञ्चन-५ |
| २ | श्री बालकल्याण आधारभूत विद्यालय | कञ्चन-४ |
| ३ | श्री गजेडी माध्यामिक विद्यालय | कञ्चन-२ |
| ४ | श्री मलावरदेवी माध्यामिक विद्यालय | कञ्चन-३ |
| ५ | श्री रुद्रपुर माध्यामिक विद्यालय | कञ्चन-४ |
| ६ | श्री प्रगति माध्यामिक विद्यालय | कञ्चन-१ |
| ७ | श्री हिमालय आधारभूत विद्यालय | कञ्चन-४ |
| ८ | श्री शान्तिभूमि आधारभूत विद्यालय | कञ्चन-५ |
| ९ | श्री शिशुसदन आधारभूत विद्यालय | कञ्चन-३ |
| १० | श्री दुर्गा माध्यामिक विद्यालय | कञ्चन-१ |
| ११ | श्री हरैया माध्यामिक विद्यालय | कञ्चन-३ |
| १२ | श्री भैंसाही माध्यामिक विद्यालय | कञ्चन-५ |
| १३ | श्री लुम्बिनी ज्ञान निकेतन मा.वि. | कञ्चन-५ |
| १४ | श्री जनज्योति माध्यामिक विद्यालय | कञ्चन-१ |
| १५ | श्री ज्ञानोदय आधारभूत विद्यालय | कञ्चन-५ |
| १६ | श्री ज्ञान ज्योति आधारभूत विद्यालय | कञ्चन-३ |
| १७ | श्री शिवशक्ति आधारभूत विद्यालय | कञ्चन-४ |
| १८ | श्री बुद्धभूमि आधारभूत विद्यालय | कञ्चन-१ |
| १९ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | कञ्चन-२ |

## क्याम्पस

| | | |
|---|---|---|
| १ | श्री हरैया बहुमुखी क्याम्पस | कञ्चन-३ |

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री बुद्धदिप इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ |
| २ | श्री सनमोडल इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ |
| ३ | श्री रुद्रपुर पिस ल्याण्ड भू.पू. सैनिक इ.बो. स्कूल | ४ |
| ४ | श्री मोर्डन भिजन इ.स्कूल | ३ |
| ५ | श्री इभरग्रिन इङ्गलिस स्कूल | ३ |
| ६ | श्री जनचाहना झारगैरा इङ्गलिस स्कूल | ३ |
| ७ | श्री नवोदित युनिभर्सल इङ्गलिस स्कूल | ३ |
| ८ | श्री लिटिल रोज इ. स्कूल | २ |
| ९ | श्री अक्सफोर्ड मोर्डन इ. स्कूल | २ |
| १० | श्री त्रिभुवन मेमोरिल इ. स्कूल | १ |
| ११ | श्री क्रियटिभ लुम्बिनी इ. स्कूल | ४ |

## *८. कञ्चन गाउँपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण*

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्रीमलवारदेवी महिला कृषि सहकारी संस्था लि. | ३ |
| २ | दिदी बहिनी महिला बचत तथा ऋण सहकारी संस्था लि. | ४ |
| ३ | मलावरदेबी दुग्ध उत्पादक सहकारी संस्था लि. | ३ |
| ४ | फुलसरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | ५ |
| ५ | जनचेतना स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ६ | समयमाई बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ७ | शहिद कृषि सहकारी संस्था लि. | ५ |
| ८ | उद्धार कृषि सहकारी संस्था लि. | ४ |
| ९ | कोशिस सामाजिक उद्यमी सहकारी संस्था लि. | ५ |
| १० | प्रतिविम्व कृषि सहकारी संस्था लि. | १ |
| ११ | साना किसान कृषि सहकारी संस्था लि. गजेडी | १ |

| | | |
|---|---|---|
| १२ | जननी महिला दुग्ध उत्पादक सहकारी संस्था लि. | ३ |
| १३ | श्री श्रमभूमी कृषि सहकारी संस्था लि. | १ |
| १४ | पवित्र महिला दुग्ध उत्पादक सहकारी संस्था लि. | ५ |
| १५ | नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. | २ |
| १६ | परिपक्क बचत तथा ऋण सहकारी संस्था लि. | ५ |
| १७ | मौलाकाली कृषि सहकारी संस्था लि. | ५ |
| १८ | मुनाल कृषि सहकारी संस्था लि. | ३ |
| १९ | लहर सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | १ |
| २० | अटल बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| २१ | जनसुधार स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| २२ | धरोहर बचत तथा ऋण सहकारी संस्था लि. | ५ |

**कञ्चन गाउँपालिका स्वास्थ्य शाखा**

देश संघीयतामा गइसकेको र स्थानीय तह नै स्थानीय सरकारको रुपमा काम गर्ने गरी संविधानमा व्यवस्था गरिए अनुसार जिल्ला स्वास्थ्य कार्यालयको भूमिका नगर स्वास्थ्य शाखाले निर्वाह गर्ने पूर्ण रुपमा स्वास्थ्यका क्रियाकलापहरु स्थानीय तहमा हस्तान्तरण भई आइसकेको र आवश्यक सरकारी तथा गैर सरकारी संस्थाहरुले सञ्चालन गरेको क्रियाकलापहरुको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पठाउने जिम्मेवारी यस शाखाको काधमा आएको छ । यस शाखाले सञ्चालन गरेको प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवाहरुले समुदायको स्वास्थ्य रक्षा तथा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलको छ । गुणात्मक स्वास्थ्य सेवाका माध्यमबाट स्वास्थ्य सेवा प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएकोले सबै जाती, लिङ्ग क्षेत्र र वर्गमा समानुपातिक रुपमा स्वास्थ्य सेवाको पँहुच पुऱ्याउने काम यस शाखाले गर्दछ ।

यस संगठन भित्र महिला स्वास्थ्य स्वंय सेविका, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, गाउँ तथा नगरस्तरीय स्वास्थ्य इकाई तथा गैर सरकारी संस्थाहरु समेत पर्दछन् । यस कार्यालयमा शाखा प्रमुखको साथै विभिन्न फाँटहरु जस्तै : खोप, पोषण, समुदायमा आधारित नवजात तथा बालरोग व्यवस्थापन, परिवार नियोजन, सुरक्षित मातृत्व, रोग नियन्त्रण, तथ्याङ्क, पुनर्जागरण, स्वास्थ्य शिक्षा, क्षयकुष्ठ, स्टोर, आर्थिक तथा प्रशासनिक कार्यहरु रहेका छन् । यस शाखाले निम्न कार्यहरु गर्दछ ।

- संघ तथा प्रदेशबाट निर्दिष्ट कार्यक्रमहरुको योजना बनाई स्थानीय स्वास्थ्य संस्थाहरुसँग समन्वय तथा सहजीकरण गरी कार्य सम्पादन गर्ने ।
- सेवा प्रवाहलाई आवश्यक पर्ने कर्मचारीको माग गर्नुको साथै गाउँपालिकासँग समन्वय गर्ने ।

- संघ,प्रदेश र जिल्लासँग समन्वय गरी यस पालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधि तथा स्वास्थ्य सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने ।
- मानविय तथा आर्थिक स्रोतको परिचालन गर्ने ।
- आकस्मिक समस्याहरुको समाधान गर्ने ।
- कार्यसम्पादन गर्न अनुकूल वातावरण तयार गर्ने ।
- सम्पादित कामको अभिलेख तथा प्रतिवेदन माथिल्लो निकायमा पठाउने ।
- सम्पादित कामको लेखाजोखा गरी प्रतिवेदन प्रकाशित गर्ने ।

गाउँपालिकाभित्र २ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, र १ वटा आयुर्वेद औषधालय तथा अन्य सरकारी संस्थाहरु छन् । समुदाय स्तरमा १० वटा खोप केन्द्र, ८ वटा गाउँघर क्लिनिक, ५९ जना महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको माध्यमबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ।

**जनस्वास्थ्य कार्यक्रमको उपलब्धि**

स्वास्थ्य शाखाद्वारा सञ्चालित कार्यक्रमहरुले समुदायमा सकारात्मक प्रभाव पारेको छ । जस्तै : सबै बच्चाहरुले पूर्ण खोप पाएको हुनाले बालमृत्युदर घटेको छ, सुरक्षित मातृत्व सेवाको प्रभावकारी कार्यान्वयनको कारण मातृ तथा शिशु मृत्युदर शुन्य भएको छ, झाडापखाला, निमोनिया तथा क्षयरोग जस्ता सरुवा रोगको नियन्त्रणबाट मृत्युदर घटेको छ ।स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिको कारण गर्भवती जाँच तथा संस्थागत प्रसुति सेवा लिनेको संख्या बढेको छ । समयमै स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीहरुको संख्यामा वृद्धि भएको छ, व्यक्तिगत तथा सामुदायिक सरसफाईमा सुधार भएको छ । समग्र स्वास्थ्य सेवाको गुणात्मक परिवर्तनको प्रतिफल स्वरुप सरदर आयुमा वृद्धि भएको छ ।

**जनस्वास्थ्यमा देखिएका सामाजिक निर्धारक तत्वहरू**

- जीवनमा घट्ने घटनाहरु जस्तै : जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद ।
- सामाजिक सुरक्षाका अवसरहरु कमी हुनु ।
- बढ्दो बेरोजगारी अवस्था ।
- अव्यवस्थित शहरीकरण ।
- रक्सी र सूर्तिजन्य पदार्थको सेवनले सामाजिक तथा सांस्कृतिक रुपमा मान्यता पाउनु ।

**जनस्वास्थ्य सेवामा देखिएका चुनौतिहरू**

- कम उमेरमा विवाह गर्ने र गर्भवती हुने ।
- प्रवासको बसाइ तथा बसाइँसराई ।
- अव्यवस्थित शहरीकरण ।

- वृद्धावृद्धहरुको संख्या बढ्नु ।
- सरुवा रोगको प्रकोप र मृत्युदर कम भएतापनि नसर्ने रोगहरु जस्तै : मधुमेह, उच्च, रक्तचाप, क्यान्सर, मुटुको रोग, श्वासप्रश्वास रोग आदिको संख्यामा वृद्धि ।
- बढ्दो सडक दुर्घटना ।
- आत्महत्या गर्नेको संख्या बढ्दो ।
- निष्कृय जिवनशैली ।
- जिर्ण प्रकारका क्षयरोगका बिरामीहरु (एम.डी.आर.) देखिनु ।

**जनस्वास्थ्य सेवा सम्पादनका तरिकाहरू**

**१. सुरक्षित वातावरण**

- स्वास्थ्य संस्थामा प्रयोग हुने सामानहरु निर्मलीकरण गर्ने र उत्पादन हुने फोहोरलाई व्यवस्थित गरी सेवा दिने र लिने दुवैलाई सुरक्षित राख्ने ।
- घरकोठा, आगन सफा, सुग्घर राख्ने ।
- वायु प्रदुषण गर्ने सवारी साधन, उद्योगधन्दा, प्लाष्टिक बाल्दा आउने धुँवा धुलोलाई न्यूनिकरण गर्ने।
- खानेपानी सफा र सुरक्षित राख्ने ।
- दिसापिसाब र घरबाट निस्कने फोहोरको उचित व्यवस्था गर्ने ।

**२. प्रतिकारात्मक क्षमताको वृद्धि गर्ने**

- सबै बालबालिकाको पूर्ण खोपको अवस्थालाई निरन्तरता दिने ।
- स्वास्थ्य शिक्षा तथा व्यवहार परिवर्तनको माध्यमबाट स्वस्थ्यकर बानी व्यवहारको विकास गर्ने ।

**३. उचित पोषण**

- बालबच्चा, गर्भवती आमा तथा वृद्धावृद्धहरुलाई उपयुक्त पोषणको आवश्यकता, उपलब्धता र उपभोगको ज्ञान बढाइ सन्तुलित भोजन उपभोग गर्ने बानी विकास गर्ने ।
- सुरक्षित खाना र खाद्य सुरक्षाको प्रत्याभूति दिने ।

**४. स्वास्थ्य बच्चाको जन्म**

- सुरक्षित मातृत्व अन्तर्गतका क्रियाकलापहरुको माध्यमबाट स्वास्थ्य बच्चाको जन्म हुने परिवेश तयार गर्ने।

**५. आवश्यकता र उपयुक्त स्वास्थ्य सुविधा**

प्राथमिक स्वास्थ्य सेवा तथा निःशुल्क स्वास्थ्य सेवाको माध्यमबाट आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सर्वसाधरण सम्म पुऱ्याउने ।

### ६. सुमधुर व्यवहार

स्वास्थ्यकर्मीहरुको व्यवहारले स्वास्थ्य सेवा प्रवाहमा निकै ठुलो असर पार्दछ । त्यसैले कसैलाई होच्याउने, घमण्ड गर्ने, झुटो बोल्ने, अरुको समस्या वा पिडालाई नजरअन्दाज गर्ने भन्दा सहृदयका साथ अरुको दुःखमा सहभागी हुने र समभाव, समदृष्टि राख्ने खालको सेवाग्राही मैत्रीव्यवहार गर्नुपर्दछ ।

### सूचनाको स्रोत

गाउँपालिका भित्रका सरकारी तथा गैर सरकारी संस्था र महिला स्वास्थ्य स्वंय सेविकाहरुले प्रदान गरेको सेवाहरुको संकलन गरी मासिक रुपमा आएका प्रतिवेदनको आधारमा वार्षिक प्रतिवेदन तयार गरिन्छ ।

### साझेदारी संस्थाहरु :

### इन्द्रेणी ग्रामीण विकास केन्द्र

इन्द्रेणी ग्रामीण विकास केन्द्रले आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सरकार, स्वास्थ्य कार्यालय, स्वास्थ्य संस्थाहरू तथा समुदायसँगको सहकार्यमा स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरेको छ। विशेष गरी उपेक्षित उष्णप्रदेशीय रोग (NTDs) नियन्त्रण, कुष्ठरोगको प्रारम्भिक पहिचान, सुरक्षित मातृत्व प्रवर्द्धन तथा स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिका क्षेत्रमा संस्थाले महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यस अवधिमा सञ्चालन गरिएका कार्यक्रमहरूले स्वास्थ्य सेवाको गुणस्तर सुधार, समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि तथा स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याएका छन्।

### कार्यक्रमका उद्देश्य

- स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- उपेक्षित उष्णप्रदेशीय रोग (NTDs) को रोकथाम तथा नियन्त्रणमा सहयोग गर्ने।
- कुष्ठरोगको प्रारम्भिक पहिचान र समयमै उपचार सुनिश्चित गर्ने।
- सुरक्षित मातृत्व तथा संस्थागत प्रसूति प्रवर्द्धन गर्ने।
- स्वास्थ्यकर्मी तथा प्रयोगशाला कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।
- स्वास्थ्य संस्थामा आवश्यक उपकरण उपलब्ध गराइ सेवाको गुणस्तर सुधार गर्ने।

### सञ्चालन गरिएका प्रमुख कार्यक्रमहरू

१. **HFOMC Follow-up**

२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरूसँग नियमित अनुगमन तथा समन्वय गरियो। स्वास्थ्य संस्थाको व्यवस्थापन, सेवा प्रवाह, बैठक सञ्चालन, योजना कार्यान्वयन तथा सेवाको गुणस्तर सुधारका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गरियो।

**उपलब्धि**

- स्वास्थ्य संस्था र समुदायबीच समन्वय सुदृढ भयो।
- स्वास्थ्य संस्थाको व्यवस्थापन क्षमता अभिवृद्धि भयो।
- सेवा प्रवाह थप प्रभावकारी बन्न सहयोग पुग्यो।

**२. NTDs FCHV Follow-up**

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs) मार्फत सञ्चालन भएका NTDs सम्बन्धी गतिविधिहरूको नियमित अनुगमन तथा सहजीकरण गरियो। समुदायमा रोग पहिचान, जनचेतना अभिवृद्धि तथा स्वास्थ्य संस्थामा बिरामीको पहुँच बढाउन सहयोग गरियो।

**उपलब्धि**

- समुदायमा NTDs सम्बन्धी जनचेतना वृद्धि भयो।
- शंकास्पद बिरामीहरूको पहिचानमा सुधार आयो।
- स्वास्थ्य स्वयंसेविकाहरूको सक्रियता बढ्यो।

**३. कुष्ठरोग खोजपड्ताल अभियानमा सहयोग**

समुदायमा लुकेका कुष्ठरोगका बिरामीहरूको पहिचान गर्न सञ्चालन गरिएको खोजपड्ताल अभियानमा संस्थाले प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रदान गर्यो। पहिचान भएका व्यक्तिहरूलाई उपचार सेवामा जोड्न आवश्यक सहजीकरण गरियो।

**उपलब्धि**

- शंकास्पद बिरामीहरूको समयमै पहिचान भयो।
- प्रारम्भिक उपचारमार्फत अपाङ्गता रोकथाममा सहयोग पुग्यो।
- समुदायमा कुष्ठरोग सम्बन्धी भ्रम र विभेद न्यूनीकरणमा सहयोग पुग्यो।

**४. जिरो होम डेलिभरी पालिका घोषणा अभियानमा सहयोग**

सुरक्षित मातृत्वलाई प्रवर्द्धन गर्न पालिकासँग समन्वय गरी जिरो होम डेलिभरी घोषणा अभियानमा सहयोग गरियो। गर्भवती महिलालाई स्वास्थ्य संस्थामै प्रसूति गराउन प्रेरित गर्ने विभिन्न गतिविधिहरू सञ्चालन गरियो।

**उपलब्धि**

- संस्थागत प्रसूति दरमा वृद्धि हुन सहयोग पुग्यो।
- घरमा हुने असुरक्षित प्रसूति न्यूनीकरणमा योगदान पुग्यो।
- सुरक्षित मातृत्व सम्बन्धी जनचेतना अभिवृद्धि भयो।

### ५. NTDs Health Workers Follow-up

NTDs सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका स्वास्थ्यकर्मीहरूको नियमित अनुगमन तथा प्राविधिक सहजीकरण गरियो। रोग पहिचान, उपचार, अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाउन सहयोग प्रदान गरियो।

**उपलब्धि**

- स्वास्थ्यकर्मीहरूको कार्यक्षमता अभिवृद्धि भयो।
- प्रतिवेदन प्रणालीमा सुधार आयो।
- रोग व्यवस्थापन थप प्रभावकारी बन्यो।

### ६. स्किन स्मियर प्रयोगशाला कर्मचारीलाई तालिम

कुष्ठरोगको सही निदानका लागि स्किन स्मियर परीक्षण गर्ने प्रयोगशालाका कर्मचारीहरूलाई प्राविधिक तालिम प्रदान गरियो। तालिमले परीक्षणको गुणस्तर तथा विश्वसनीयता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्यायो।

**उपलब्धि**

- प्रयोगशाला सेवाको गुणस्तर सुधार भयो।
- सही निदानमा सहजता आयो।
- परीक्षणको विश्वसनीयता बढ्यो।

### ७. स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री सहयोग

स्वास्थ्य संस्थाहरूको सेवा क्षमता अभिवृद्धि गर्न आवश्यक स्वास्थ्य सामग्री सहयोग प्रदान गरियो।

- सहयोग गरिएका सामग्रीहरू
- डेलिभरी बेड
- स्ट्रेचर
- इमर्जेन्सी ट्रली
- ANC बेड
- निडल कटर

**उपलब्धि**

- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा थप प्रभावकारी बन्यो।
- आकस्मिक स्वास्थ्य सेवाको गुणस्तरमा सुधार आयो।
- सेवाग्राहीहरूले सुरक्षित तथा गुणस्तरीय सेवा प्राप्त गर्न सके।

**समग्र उपलब्धिहरू**

- स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सेवा प्रवाहमा सुधार।
- उपेक्षित उष्णप्रदेशीय रोग (NTDs) सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन।
- कुष्ठरोगको प्रारम्भिक पहिचान र उपचारमा सहयोग।
- संस्थागत प्रसूति प्रवर्द्धन तथा सुरक्षित मातृत्वमा योगदान।
- स्वास्थ्यकर्मी तथा प्रयोगशाला कर्मचारीको क्षमता अभिवृद्धि।
- स्वास्थ्य संस्थामा आवश्यक उपकरण उपलब्ध भई सेवाको गुणस्तरमा सुधार।
- स्थानीय सरकार, स्वास्थ्य संस्था र समुदायबीच सहकार्य अझ सुदृढ।

**सिकाइ**

- स्थानीय सरकार र समुदायसँगको सहकार्यले कार्यक्रमलाई दिगो बनाउन सहयोग पुग्छ।
- नियमित अनुगमन र प्राविधिक सहजीकरणले स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक प्रभाव पार्दछ।
- स्वास्थ्यकर्मी र स्वयंसेविकाको क्षमता विकासले कार्यक्रमको प्रभावकारिता बढाउँछ।

**निष्कर्ष**

आर्थिक वर्ष २०८२/०८३ इन्द्रेणी ग्रामीण विकास केन्द्रका लागि उपलब्धिमूलक वर्ष रह्यो। संस्थाले स्वास्थ्य प्रणाली सुदृढीकरण, NTDs नियन्त्रण, कुष्ठरोगको प्रारम्भिक पहिचान, सुरक्षित मातृत्व प्रवर्द्धन तथा स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्यायो। स्थानीय सरकार, स्वास्थ्य कार्यालय, स्वास्थ्य संस्था तथा समुदायसँगको सहकार्यले कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भए। आगामी वर्षहरूमा पनि समुदायमुखी, गुणस्तरीय तथा दिगो स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै स्वस्थ समाज निर्माणमा निरन्तर योगदान दिने प्रतिवद्धता संस्थाले व्यक्त गर्दछ।

## २. सेतो गुराँस बाल विकास सेवा रुपन्देही

वि.सं.२०५५ सालमा सेतो गुराँस बाल विकास सेवा रुपन्देहीको स्थापना गरी प्रारम्भिक अवस्थाका बालबालिकाहरुलाई चौतर्फी विकासको अवसर दिलाई बालअधिकारको प्रत्याभूति दिलाउने उद्देश्यलाई सान्दर्भिक ठान्यो । प्रारम्भिक बालविकासको अवधारणा सम्बन्धि जनचेतना अभिवृद्धिका लागि बालविकास केन्द्र स्थापना तथा सञ्चालन, अभिभावक शिक्षा, सामुदायिक शिक्षा, सरसफाई पोषण साथै हाल समय सापेक्ष समय परिवर्तन र सरकारको उद्देश्य यस संस्थाले प्रारम्भिक बालविकास, बाल अधिकार, गुणस्तरीय शिक्षा, महिला सशक्तिकरण, पोषण, स्वास्थ्य र सरसफाई, महिला अधिकार, जीविकोपार्जन, कृषि र लैंङ्गिकतालाई मुख्य कार्यक्षेत्र बनाई विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आइरहेको व्यवहोरा सर्वविदितै छ । यस संस्थाले संस्थागत दक्षतामा अडिक रहेर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सहकार्यमा विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आएको छ ।

सेतो गुराँस बाल विकास सेवा, रुपन्देहीले विभिन्न चुनौतिहरुको सामना गर्दै विगत २६ वर्ष देखि रुपन्देही जिल्लामा बालबालिकाका क्षेत्रमा विशेष योगदान पुऱ्याउदै सफलतापूर्वक काम गर्ने क्रममा विश्वमा फैलिएको कोरोना महामारीको प्रभावले हाम्रो कार्यक्षेत्र पनि अछुतो रहेन । २०७६ सालको चैत्र महिना देखि नै महामारीको चुनौतिले थप जिम्मेवारी थपियो । विपन्न परिवार जुन दैनिक रुपमा ज्याला मजदुरी गर्ने, त्यस परिवार भित्रपनि प्रारम्भिक बालविकासका उमेरका बालबालिका, गर्भवती र सुत्केरी र २ वर्ष मुनिका बच्चा र तिनका आमाहरु अझै मारमा परेको ।यस अवस्थालाई सम्बोधन गर्न स्थानीय सरकारलाई सहयोग गर्दै पैरवी, राहतमा पहुँच,विपन्न परिवारको पहिचान र राहत वितरण सँगै खोपमा पहुँच कोभिडमा प्रतिकार्य कार्यक्रमसँग जोडिएका जीविकोपार्जनका कार्यहरुलाई अगाडि कार्यका लागि कुनै कसुर बाँकी नराखी केही अप्रत्यक्ष सहयोग र पैरवी गर्ने कार्य गरेको थियो ।

महिलाको सक्रियातामा गठित महिलाको नेतृत्वमा सञ्चालित यसले बुटवल उपमहानगरपालिकाबाट कार्यक्रमको थालनी भएको सँग हाल रुपन्देही जिल्लाभरी नै र प्रदेशमा समेत प्रारम्भिक बाल विकासका क्षोत्रमा योगदान पुऱ्याएको छ । लुम्बिनी प्रदेशको प्रारम्भिक बाल विकासका लागि सहकार्य प्रदेश सांसदहरुकको सहकार्य समुहको सचिवालयको भूमिका निर्वाह गरेको छ । यस सँस्थाले बुटवल उपमहानगर पालिकामा प्रारम्भिक बालविकास श्रोत केन्द्रको स्थापना र सञ्चालन गर्दै आएको छ । पोषण स्वास्थ्य सरसफाई सहरी गरीब श्रम तथा जोखिममा रहेका परिवार र बालबालिकाहरुलाई शैक्षिक पूर्नसंयोजन, बालसंरक्षण, जीवनउपयोगी सिप शिक्षा, जिविकोपार्जन कृषि कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गर्दै आइरहेको छ ।

विगतमा युरोपियन युनियन, युएन डिपी युयसएड आरटीआइ, वर्ल्डभिजन इनटरनेश्नल नेपाल, तेरेदेजहोम स्वीस, जस्ता साझे सी डब्लु एस जस्ता निकायहरु सँग साझेदारी रहदै आएकोमा हाल किड्स, हेलनकेलर इन्टर नेश्नल नेपाल, इन्टरनेश्नल डेबलेप्मेन्ट इन्टरप्राइज (आइडिइ) हेफर इन्टरनेश्नल रहेका छन् ।

सेतो गुराँस बाल विकास सेवा रुपन्देही आफ्ना मूल्य मान्यता र विधानले दिएको अधिकारको प्रयोग गर्दै नीति नियमावलीका आधारमा क्रियाशिल कार्यन्वयन र जवाफदेही संस्थाको रुपम पहिचान बनाएको छ । पालिकामा नियमित सूचिकृत गर्ने, वार्षिक कार्यक्रमका बारेमा पूर्वजानकारी दिइ योजनामा पेश गर्ने कार्य गरेको छ । सेतो गुराँसले विगतमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमबाट आवश्यक सहयोग गरेको थियो भने हाल हेलनकेलर इन्टरनेश्नल र आइडिइ र यस कार्यालयको को साझेदारीमा पोषणमार्फत जीवन रुपान्तरण कार्यक्रम सञ्चालन गरेको छ भने हेफर इन्टरनेश्नलको साझेदारीमा तरकारी मूल्यश्रृङ्खला विकास परियोजना यस कार्यालयको ५० प्रतिशत प्रत्यक्ष साझेदारीमा सञ्चालन गर्दै आइरहेको छ ।रुपन्देही जिल्ला लगायत यस पालिकामा सेतो गुराँसको उल्लेखनीय योगदान रहेको छ ।

## आ.व.२०८२/०८३ मा सम्पन्न भएका मुख्य क्रियाकलापहरु

यस आर्थिक वर्षमा कञ्चन गाउँपालिकाले स्थानीय सरकार, सरोकारवालाहरू, स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV), समुदायका सदस्यहरू, हेलेन केलर इन्टरनेसनल र सेतो गुराँस बाल विकास केन्द्रसँगको सहकार्यमा "ट्रान्सफर्मिङ लाइभ्स थ्रु न्युट्रिसन" (Transforming Lives Through Nutrition) परियोजना अन्तर्गत उच्च प्रभावकारी गतिविधिहरू सञ्चालन गरियो ।

- कञ्चन गाउँपालिकाका ५ वटै वडाहरुका ५५ स्थानमा Mass screening कार्यक्रमहरू सञ्चालन गरी कुल २,६१५ बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा गरियो। जसमध्ये २,५१२ जना सामान्य अवस्थामा पाइए, ९५ जनामा मध्यम खालको तीव्र कुपोषण (MAM) र ८ जनामा गम्भीर खालको तीव्र कुपोषण (SAM) पहिचान गरियो।
- सुन्तला रङको गुदी भएको सखरखण्डको उत्पादन प्रवर्द्धन गर्न कञ्चन गाउँपालिकासँगको सह-लगानीमा एक "पाइलट स्टडी" (प्रायोगिक अध्ययन) कार्यक्रम कार्यान्वयन गरियो। पोषण-मैत्री कृषि प्रदर्शनको एक भागको रूपमा, किसानहरूले सुन्तला रङको गुदी भएको सखरखण्ड (Orange sweet potato) उत्पादन तथा बाली भित्र्याए र कञ्चन गाउँपालिकाका १९ वटा सरकारी विद्यालयहरूमा वितरण गरे । यसलाई सरकारी विद्यालयका बालबालिकाको दिवा खाजामा पोषक तत्वको रूपमा मिसाउनका लागि वितरण गरिएको थियो।
  - कञ्चन गाउँपालिकाका १९ वटा सरकारी विद्यालयका शिक्षक, क्यान्टिन कर्मचारीहरुलाई सुन्तला रङको सखरखण्डको प्रयोग गरेर बनाउन सकिने खाद्य पदार्थको रेसिपी बारे तालिम दिइएको छ ।
  - ६०० भन्दा बढी ५ वर्ष मुनिका बालबालिका तथा SAM, MAM बालबालिकाहरुका घरका सदस्यहरूलाई घरधुरी परामर्श गरिएको थियो ।
- IMAM (तीव्र कुपोषणको एकीकृत व्यवस्थापन) सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरियो। कञ्चन गाउँपालिकाका सबै आउटपेसेन्ट थेराप्युटिक केयर (OTC) केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि तालिम, स्वास्थ्य चौकी र BHSC गरि चार वटा स्थलगत IMAM कोचिङ सत्रहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHV) का लागि ६ समूहमा IMAM अभिमुखीकरण सत्रहरू सञ्चालन गरिएको थियो (जसमा विभिन्न वडाका ६० जना स्वयंसेविकाहरू सहभागी भएका थिए) ।
- स्वास्थ्य आमा समूह बैठक, खोप क्लिनिक, गाउँघर क्लिनिक, पोषण कार्यक्रम लगायत विभिन्न भिटामिन ए, HPV खोप, डेंगु अभिमुखीकरण, वार्षिक समीक्षा, खाद्य वस्तु प्रदर्शनी जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय अभियानमा सहकार्य तथा सहयोग ।
- २ वटा वहिरगं उपचार केन्द्रलाई आवश्यकता अनुसार उचाई, लम्वाई, तौल मेसिन र ३ बाकस सहयोग।
- सामुदायिक परामर्श र घर-दैलो सेवाहरू प्रदान गरियो, जसमा निम्न समावेश थिए:
  - SAM/MAM सम्बन्धी परामर्शका लागि घर-दैलो भ्रमण: २९
  - गर्भवती तथा सुत्केरी महिलाहरूलाई परामर्शका लागि घर-दैलो भ्रमण: ५०
  - सामुदायिक स्तरमा परामर्श सत्रहरू: १०
  - पारिवारिक पोषण संवादहरू: २१६
  - स्वास्थ्य आमा समूहका बैठकहरू: ३

यी गतिविधिहरूले कञ्चन गाउँपालिकामा बालबालिकाको पोषण र मातृ स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य जाँच, उपचार, पोषण-मैत्री कृषि र सामुदायिक परामर्श सेवाहरूलाई सुदृढ बनाए।

## ३. विराट नेपाल मेडिकल ट्रष्ट

विराट नेपाल मेडिकल ट्रष्ट (BNMT) सन् १९६७ मा बेलायतमा सामाजिक संस्थाको रुपमा स्थापना भएको हो। सन् १९६९ मा यस संस्थाले नेपालमा BCG खोप अभियान सुरु गर्यो र टि. बी. तथा कुष्ठरोग उपचारका लागि क्लिनिक स्थापना गर्यो । सन् १९७६ सम्ममा करोडौं मानिसहरुले BCG खोप प्राप्त गरिसकेको थिए । १९८० को दशकमा संस्थाले टि. बी. क्लिनिकहरुको विस्तार गर्दै समुदायमा औषधि उपचार योजना सञ्चालन गर्यो र सरकारी कार्यक्रमहरुसँग सहकार्य पनि गर्यो । १९९० को दशकमा, सन् १९९६ मा DOTS कार्यक्रमपाइलट स्वरुपमा सुरु गर्दै गुणस्तर सुनिश्चितता केन्द्र स्थापना गरियो । त्यसपछि २००० को दशकमा स्वास्थ्य सेवामा अधिकार-आधारित दृष्टिकोणलाई प्राथमिकता दिँदै सहकार्य विस्तार गरियो । अन्ततः सन् २०१२ मा नेपालमै गैरसरकारी संस्था (NGO) का रुपमा दर्ता भई विराट नेपाल मेडिकल ट्रष्ट नामकरण गरियो। BNMT ले स्वास्थ्य क्षेत्रमा ५५ वर्षभन्दा बढी अनुभव हासिल गरिसकेको छ । विगतमा स्वास्थ्य सामाग्री र सेवा दुर्गम गाउँमा डोकोमा बोकेर पुर्‍याइन्थ्यो भने अहिले आधुनिक प्रविधि प्रयोग गर्ने ड्रोनमार्फत औषधि र स्वास्थ्य सेवा पुर्‍याउने कार्य भइरहेको छ । यसरी संस्थाले परम्परागत तरिकाबाट आधुनिक प्रविधिसम्मको यात्रामा निरन्तर जनस्वास्थ्यमा योगदान पुर्‍याउँदै आएको छ । हाल कञ्चन गाउँपालिकामा खकार ढुवानी, Contact Tracing, डि.आर. कुरियर, Childhood refer, TBPT आदि जस्ता कार्यहरु गरि रहेको छ ।

## ४. सुनगाभा सामुदायिक विकास केन्द्र

कञ्चन गाउँपालिका—४, रुपन्देहीमा रहेको सुगाभा सामुदायिक विकास केन्द्र (SCDC) एक गैरसरकारी संस्था हो। संस्थाले समुदायको सामाजिक विकाससँगै मानसिक तथा मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्ति, बालबालिका तथा परिवारलाई सचेतना, मनोसामाजिक सहयोग, मनोपरामर्श तथा आवश्यक उपचार सेवामा पहुँचका लागि सहजीकरण गर्ने कार्य संस्थाले गर्दै आएको छ।

मानसिक स्वास्थ्य परियोजनाअन्तर्गत समुदाय तथा विद्यालय तहमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, मानसिक स्वास्थ्य समस्याको पहिचान तथा आवश्यक परामर्श प्रदान गर्ने, समस्या भएका व्यक्तिलाई उपयुक्त सेवासँग जोड्ने तथा मानसिक स्वास्थ्यप्रतिको नकारात्मक धारणा, भ्रम र सामाजिक कलंक न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न गतिविधिहरू सञ्चालन गरिएको छ।
यस परियोजनाले मानसिक स्वास्थ्यलाई केवल व्यक्तिगत समस्या नभई परिवार, विद्यालय, समुदाय तथा स्वास्थ्य प्रणालीसँग सम्बन्धित महत्वपूर्ण सामाजिक विषयका रूपमा स्थापित गर्न पनि योगदान पुर्याउँदै आएको छ।

## २. परियोजनाका मुख्य उद्देश्यहरू

- मानसिक स्वास्थ्य परियोजनाका मुख्य उद्देश्यहरू निम्न रहेका छन् ।
- समुदाय तथा विद्यालय तहमा मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान, सचेतना र सकारात्मक धारणा अभिवृद्धि गर्नु।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको समयमै पहिचान र आवश्यक सहयोगमा पहुँच बढाउनु।
- मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बालबालिका, व्यक्ति तथा परिवारलाई मनोपरामर्श तथा मनोसामाजिक सहयोग प्रदान गर्नु।
- मानसिक स्वास्थ्य समस्यासँग जोडिएको लाञ्छना, भेदभाव, भ्रम तथा नकारात्मक सामाजिक धारणालाई न्यूनीकरण गर्नु।
- आवश्यकताअनुसार समस्या भएका व्यक्तिलाई स्वास्थ्य संस्था तथा विशेषज्ञ सेवामा रेफर तथा सहजीकरण गर्नु।
- परिवार, विद्यालय, समुदाय तथा स्थानीय सरोकारवालाको मानसिक स्वास्थ्यसम्बन्धी भूमिका र जिम्मेवारी सुदृढ गर्नु।
- मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि स्थानीय तह तथा सम्बन्धित सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्नु।

## ३. मुख्य क्रियाकलाप तथा उपलब्धिहरू

- परियोजनाअन्तर्गत समुदायस्तरमा मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी ३४८ जनालाई सहभागी गराइएको छ। सहभागीमध्ये २७९ जना महिला र ६९ जना पुरुष रहेका छन्। यसबाट समुदायका सदस्यहरूमा मानसिक स्वास्थ्य, मानसिक स्वास्थ्य समस्या पहिचान, सहयोग खोज्ने व्यवहार तथा उपलब्ध सेवाबारे जानकारी अभिवृद्धि गर्न सहयोग पुगेको छ।
- विद्यालयस्तरमा पनि मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण सञ्चालन गरी ८४६ जनालाई जानकारी तथा सचेतना प्रदान गरिएको छ। सहभागीमध्ये ४६८ जना महिला र ३७८ जना पुरुष रहेका छन्। विद्यालयमा गरिएको अभिमुखीकरणले विद्यार्थी तथा सम्बन्धित सरोकारवालालाई मानसिक स्वास्थ्यको महत्व, भावनात्मक तथा मनोसामाजिक चुनौती र आवश्यक सहयोग लिनुपर्ने अवस्थाबारे जानकारी प्राप्त गर्न सहयोग गरेको छ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको पहिचान भएका बालबालिकालाई आवश्यक सहयोग पुर्‍याउने क्रममा ९२ जना बालबालिकालाई मनोपरामर्श सेवा प्रदान गरिएको छ। यसमा २७ जना महिला र ६५ जना पुरुष रहेका छन्। मनोपरामर्श सेवाले बालबालिकालाई आफ्ना

समस्या तथा भावनालाई व्यक्त गर्न, उपलब्ध सहयोग पहिचान गर्न तथा आवश्यक अवस्थामा थप सेवामा जोडिन सहयोग गरेको छ।

- त्यसैगरी, मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्ति तथा परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले १०६ जनालाई पारिवारिक मनोपरामर्श सहयोग प्रदान गरिएको छ। यसमा १०१ जना महिला र ५ जना पुरुष रहेका छन्। परियोजनाअन्तर्गत २२ वटा परिवार प्रत्यक्ष रूपमा पारिवारिक सहयोगबाट लाभान्वित भएका छन्। परिवारसँगको परामर्शले मानसिक स्वास्थ्य समस्यालाई बुझ्न, प्रभावित सदस्यलाई सहयोग गर्न तथा परिवारभित्र सकारात्मक सहयोगी वातावरण निर्माण गर्न सहयोग पुऱ्याएको छ।
- परियोजनाका गतिविधिहरूमार्फत समुदाय तथा विद्यालय तहमा मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान र सचेतनामा अभिवृद्धि भएको छ। मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बालबालिका तथा परिवारलाई समयमै पहिचान गरी आवश्यक मनोपरामर्श तथा मनोसामाजिक सहयोग प्रदान गर्न सहयोग पुगेको छ।
- त्यसैगरी, मानसिक स्वास्थ्य समस्यालाई लुकाउने वा बेवास्ता गर्ने प्रवृत्तिको सट्टा समस्या पहिचान भएपछि आवश्यक सहयोग तथा परामर्श खोज्ने वातावरण निर्माण गर्न परियोजनाले योगदान पुर्याएको छ। परिवारलाई समेत परामर्श तथा सहयोगमा समावेश गर्दा मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिलाई निरन्तर सहयोग प्राप्त हुने आधार तयार भएको छ।
- विद्यालय तथा समुदायमा सञ्चालन गरिएका सचेतनामूलक गतिविधिले मानसिक स्वास्थ्यलाई सामान्य स्वास्थ्यको अभिन्न अंगका रूपमा बुझ्न सहयोग पुर्याएको छ। साथै, मानसिक स्वास्थ्य समस्याप्रति रहेको नकारात्मक धारणा, भ्रम तथा सामाजिक लाञ्छना न्यूनीकरण गर्न पनि परियोजनाले योगदान दिएको छ।
- समुदायमा मानसिक स्वास्थ्य समस्यालाई अझै पनि जनचेतनाको कमीका कारण धार्मिक आस्था वा दैवी शक्तिको रूपमा जोडेर हेर्ने गरिएकाले, प्रभावित व्यक्तिहरूलाई आधुनिक औषधि उपचार तथा मनोविमर्श (Psychosocial Counseling) सेवामा ल्याउन निकै कठिनाइ भइरहेको छ ।
- मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूलाई आफ्नै परिवारले उचित हेरचाह र वास्ता नगर्दा, संस्था वा सरोकारवालाले प्रदान गर्ने सहयोग र उपचारको पहुँचसम्म उनीहरूलाई ल्याउन गाह्रो भइरहेको छ ।
- सरकारी स्वास्थ्य संस्थाहरूमा मानसिक स्वास्थ्यसँग सम्बन्धित अत्यावश्यक औषधिहरूको अभाव हुनु र उपलब्ध औषधिहरू पनि दक्ष स्वास्थ्यकर्मी वा प्राविधिक कमीका कारण समयमा वितरण हुन नसक्नु प्रमुख चुनौती बनेको छ ।
- विशेष लक्षित समूहको सहभागितामा कमीः मानसिक स्वास्थ्यको सचेतना कार्यक्रम तथा नियमित फलोअप (Follow–up) मा पुरुष वर्गलाई सहभागी गराउन र निरन्तरता दिन कठिन भइरहेको छ ।

- दुर्गम क्षेत्रमा मनोचिकित्सक को अभाव हुनाले सेवाग्राहीले समयमै नियमित औषधि उपचार तथा फलोअप सेवा पाउन नसकी सामान्य समस्या पनि कडा मानसिक रोगमा परिणत हुने जोखिम बढेको छ।
- विगतमा तालिम प्राप्त गरेका केही व्यक्तिहरूले सक्रियतापूर्वक चासो नदिँदा समुदायस्तरमा नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्न असहजता पैदा भएको छ ।

**आगामी कार्यदिशा तथा भावी रणनीतिहरू** (Future Strategies)

- सामुदायिक स्तरमा सञ्चालित आउटरिच क्लिनिक लाई निरन्तरता दिनका लागि महिला स्वास्थ्य स्वयंसेविका FCHVs शिक्षक र संस्थाबीचको आपसी समन्वयलाई थप मजबुत बनाइनेछ ।
- मानसिक स्वास्थ्यका सवालहरूलाई सम्बोधन गर्न स्थानीय पालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समेट्ने गरी नियमित बजेट विनियोजन गराउन र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि संस्थाको तर्फबाट उच्चस्तरीय पहल तथा पैरवी (Advocacy) गरिनेछ ।
- स्वावलम्बन समूह SHGs को नेतृत्व विकासः समुदायमा गठन भएका स्वावलम्बन समूह को नेतृत्व क्षमता विकास गरी उनीहरूलाई स्थानीय पालिकाको सम्बन्धित वडा कार्यालयमा कानुनी रूपमा सूचिकृत गरिनेछ ।
- बहुपक्षीय अन्तर्क्रियाः तालिम प्राप्त (FCHVs) शिक्षक, स्वास्थ्यकर्मी, युवा क्लब महिला समूह लैङ्गिक हिंसा विरुद्धको सञ्जाल बीच समय-समयमा सञ्जालिकरण, अन्तक्रिया तथा अनुभव आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- समान सोच र साझा उद्देश्य भएका अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग नीतिगत र कार्यक्रमिक तहमा नियमित रूपमा समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने रणनीति लिइनेछ ।
- मानसिक स्वास्थ्यको क्षेत्रमा नेपाल सरकारद्वारा निर्माण गरिएका विभिन्न ऐन, कानुन तथा नीतिहरूको स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूसँग निरन्तर पैरवी गरिनेछ ।
- आर्थिक रूपमा वञ्चित/विपन्न प्रभावित परिवारका लागि लाई घुम्ती कोषको रूपमा सशक्तिकरण गर्दै अगाडि बढाइनेछ। साथै, विभिन्न विद्यालयहरूमा स्थापना गरिएका हेल्थ कर्नर हरूलाई अझ बढी व्यवस्थित बनाउन विद्यालय प्रशासनसँग थप सहकार्य गरिनेछ ।

**निष्कर्ष**

मानसिक स्वास्थ्य परियोजनाले समुदाय, विद्यालय, बालबालिका तथा परिवारलाई लक्षित गरी सचेतना, मनोपरामर्श तथा मनोसामाजिक सहयोग प्रदान गर्दै मानसिक स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। परियोजनाबाट हालसम्म २१५० जना समुदायका सदस्यहरु सहभागी हुनु भएको, ९८ जनाले मनोविमर्श सेवा लिएका छन् ।

# राष्ट्रिय खोप कार्यक्रम

**परिचयः**

रुपन्देही जिल्लामा २०४४ साल देखि खोप कार्यक्रम अविच्छित रुपमा चलिरहेको छ। राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । जनस्वास्थ्यका विभिन्न कार्यक्रमहरु मध्ये खोप कार्यक्रम एक उत्कृष्ट लागत प्रभावी कार्यक्रम हो । जसले भ्याक्सिनबाट बचाउन सकिने सरुवा रोगको तथा शिशु मृत्युदर तथा बिरामी दर र अशक्तता दरमा कमी ल्याई सहश्राब्दी विकास लक्ष्य हासिल गर्न समेत योगदान पुऱ्याएको छ। निरन्तर प्रयास र सफलताको परिणाम स्वरुप रुपन्देही जिल्लालाई २०७२ माघ १७ गते पूर्ण खोप जिल्ला घोषणा गरी प्रत्येक वर्ष यस दिनलाई जिल्लाभर पूर्ण खोप दिवसको रुपमा मनाउदै आइएको छ । यस कार्यक्रमले बालस्वास्थ्यका विभिन्न अल्पकालिन तथा दीर्घकालिन लक्ष्य प्राप्त गर्न सहयोग गरेको छ।

**राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य**

भ्याक्सिनबाट बचाउन सकिने रोगहरुको कारण बच्चाहरुको मृत्यु , बिरामी तथा अङ्गभङ्ग हुने दरलाई न्यूनिकरण गर्ने ।

**उद्देश्यहरू**

- खोपको कभरेज शतप्रतिशत पुऱ्याउने ।
- पोलियो मुक्त अवस्था कायम गर्ने ।
- नवशिशु धनुष्टकार रोगको निवारणको अवस्थालाई कायम राख्ने ।
- खोपबाट बचाउन सकिने रोगहरुको खोज पड्ताल कार्यलाई विस्तार गर्ने ।
- गुणस्तरयूक्त खोपको पँहुच सुनिश्चित गर्ने र खोपजन्य फोहोर सामाग्रीको उचित विसर्जन गर्ने ।
- खोपसँग सम्बन्धित सबै भ्याक्सिनहरु तथा आपूर्ति सामाग्रीहरु व्यवस्थित गर्ने ।

**नीतिहरु**

माथि उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि कञ्चन गाउँपालिका स्वास्थ्य शाखा, रुपन्देहीले आ.व. २०८२/८३ मा निम्न रणनितीहरु अवलम्बन गरेको थियो ।

- प्रति वडामा २ वटा खोप केन्द्रको दरले जम्मा १० वटा खोप केन्द्रहरु (१० वटा खोप सेसन) मार्फत नियमित खोप सेवा प्रदान गर्ने ।
- खोप कार्यकर्ताको स्थायी पदपूर्ति हुन नसकेका स्वास्थ्य संस्थामा विभिन्न श्रोत र साधनको पहिचान तथा परिचालन गरी खोपकार्यकर्ता भर्ना गरी खोप कार्यलाई नियमित सञ्चालन गर्ने ।
- खोप कार्यकर्ता भर्ना गरी खोप कार्य नियमित सञ्चालन गर्ने ।

**सम्पादित प्रमुख कृयाकलापहरु**

- प्रति वडा २ वटा खोप केन्द्रको दरले जम्मा १० वटा खोप केन्द्रहरुबाट नियमित रुपमा मासिक खोप सेवा प्रदान गरिएको छ । जसको लागि (प्रत्येक महिनाको १० देखि १४ गतेसम्म) मा सञ्चालन गरिएको छ।
- खोप सूक्ष्म योजना कार्यक्रम सम्पन्न गरिएको ।
- पूर्ण खोपको दीगोपनाको लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- गउँपालिकाका सम्पूर्ण वडाहरु तथा पालिका जेष्ठ २२ गते पूर्ण खोप दिवस मनाइएको ।
- बैशाख महिनालाई विभिन्न कार्यक्रमको साथमा खोप महिनाको रुपमा मनाइएको ।
- समुदायमा जनचेतना जगाउन खोप सम्बन्धी सन्देशहरु विभिन्न सञ्चार माध्यमबाट, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वंय सेविकाद्वारा प्रचार प्रसार गरिएको छ । तर विश्वव्यापी रुपमा जनसंख्या वृद्धि घड्दै गएकोले लक्ष्य अनुसार प्रगति हुन नसकेको अवस्था छ।
- HPV खोप अभियान २०८२/८३ मा ५३५ जना कक्षा ६ मा अध्ययनरत तथा विद्यालय बाहिर रहेका १० वर्षका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप दिएको ।

**अनुगमन सुपरिवेक्षण**

- पँहुच तथा उपयोगका आधारमा कम प्रगति गरेका स्वास्थ्य संस्थालाई पहिलो प्राथमिकता दिई गाउँपालिका सुपरिवेक्षकहरुबाट तथा स्थानीय स्वास्थ्य संस्था प्रमुखबाट सबै स्वास्थ्य संस्थामा सञ्चालित खोप कार्यक्रम सुपरिवेक्षण गर्न अग्रीम सुपरिवेक्षण तालिका बनाई अधिकतम कार्यान्वयनमा ल्याइएको थियो ।
- खोप सम्बन्धी आएका समस्यालाई सामाधानको लागि स्थलगत अनुशिक्षण दिइएको थियो । खोप र खोपसँग सम्बन्धित सामाग्री जस्तै : खोप कार्ड, अनुगमन चार्ट, खोप रजिष्टर र मासिक अनुगमन प्रतिवेदन, मौज्दात नियन्त्रण रजिष्टर, रेफ्रिजेरेटरहरुको अवलोकन गरी खोप कार्यको गुणस्तर हेर्ने कार्य सम्पन्न गरियो ।
- छुटेका बच्चाहरुको सूची तयार गरी अर्को खोप सेसनमा आउन सक्ने वा नसक्ने यकिन गर्ने कार्य र सोही अनुसार आवश्यक कदम चालियो ।
- अनुगमन तथा सुपरिवेक्षणको क्रममा तत्कालै तथा कार्यक्रम सम्पन्न पश्चात पृष्ठपोषण दिइयो ।

## राष्ट्रिय खोप कार्यक्रम

| क्र.स. | खोप कार्यक्रम (कभरेज) | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | बि.सि.जी. कभरेज प्रतिशत | ४६ | ३६ | ४४ |
| २ | डि.पि.टी.हेप.बि.हिब ३ कभरेज प्रतिशत | ९४ | ८८ | ९५ |
| ३ | रोटा २ कभरेज प्रतिशत | ९३ | ८४ | ९६ |
| ४ | पि.सि.भि. ३ कभरेज | ९४ | ९० | ९६ |
| ५ | एफ. आइ.पी.भि. कभरेज २nd | ९४ | ९० | ९६ |
| ६ | जे.इ. कभरेज | ९९ | ९२ | ९२ |
| ७ | दादुरा रूबेला २ कभरेज | ९५ | ९३ | ९३ |
| ८ | टि.डि. २ र २+ कभरेज | ६८ | ६८ | ८१ |
| ९ | पूर्ण खोप कभरेज | ९५ | ९३ | ९३ |
| **क्र.स.** | **ड्रपआउट रेट** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** |
| १ | डि.पी.टी–हेप बि १–दादुरा रूवेला दोस्रो बिचको ड्रपआउट दर | ०.४८ | ०.७३ | ३.९२ |
| २ | ड्रप आउट रेट डि.पि.टि.—हेप.वि.—हिव—१ र ३ को | ०.६४ | २.४९ | २.७६ |
| **क्र.स.** | **भ्याक्सिन खेर जाने दर** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** |
| १ | बि.सि.जी. | ७३.१६ | ७७.८७ | ७७.६८ |
| २ | डि.पि.टि.—हेप. वि.—हिव | ३.९४ | १०.१४ | ८.१ |
| ३ | पोलियो (ओ.पि.भी.) | ३.९४ | ९.७३ | ८.१ |
| ४ | पि.सि.भी. | ३.१३ | ४.६८ | ४.८६ |
| ५ | एफ्. आइ.पि.भी. | १३.२९ | १२.३१ | ११.६४ |
| ६ | दादुरा—रुबेला | १७.२७ | २१.५ | १३.८७ |
| ७ | जे.ई. | ६.७६ | १४.६ | १३.११ |
| ८ | टि.सि.भी. | ८.१५ | १७.७ | १३.०३ |
| ९ | रोटा | ० | ०.३ | ० |
| १० | धनुष्टकार, भ्यागुते रोग (टि.डी.) | १४.५३ | १९.३६ | १८.४४ |


खोप कभरेज
२०८०/०८१
२०८१/०८२
२०८२/०८३
४६%
४४%
९४%
८८%
९५%
९३%
८४%
९६%
९४%
९४%
९०%
९६%
९९%
९२%
९२%
९५%
९४%
९३%
९५%
९४%
९३%
९५%
९४%
९३%
बि.सि.जी. कभरेज प्रतिशत
डि.पि.टी.हेप.बि.हिब ३ कभरेज
ओ.पि.भि.३ कभरेज
पि.सि.भि. ३ कभरेज
एफ. आइ.पी.भि. कभरेज 2nd
जे.इ. कभरेज
दादुरा रूबेला २ कभरेज
टि.डि. २ र २+ कभरेज
पूर्ण खोप कभरेज

## ड्रपआउट रेटः-


वि.सि.जि खोप र दादुरा रूवेला पहिलो खोप बिचको ड्रपआउट दर
डि.पी.टी–हेप बि १– दादुरा रूवेला दोस्रो बिचको ड्रपआउट दर
ड्रप आउट रेट डि.पि.टि.-हे.प.वि.-हिव- १ र ३ को
२५०%
२००%
१५०%
१००%
५०%
०%
-५०%
-१००%
-१५०%
-२००%
-१०३%
-१५१%
-११९%
०.४८%
०.७३%
३.९२%
१
२
३%
२०८०/८१
२०८१/८२
२०८२/८३

### भ्याक्सिन खेर जाने दरः-




### समस्या र चुनौतिहरु

| क्र.स. | समस्या/बाधा | समाधान | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | भ्याक्सिन तथा अन्य उपकरण ढुवानी गर्न रकम कम | प्रयाप्त ढुवानी रकमको व्यवस्था हनपर्ने | स्वा.से.वि., बालस्वास्थ्य महाशाखा, स्वा.का. गा.पा. | |
| २ | कोल्डचेन व्यवस्थापनका लागि रेफ्रीजेरेटर आवश्यक भन्दा कम भएको, विद्युतीय व्याकप नहुनु । | रेफ्रीजेरेटर तथा अन्य सामाग्रीको प्रयाप्त व्यवस्था हुनुपर्ने । | स्वा.से.वि., बालस्वास्थ्य महाशाखा, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गाउँपालिका | |

### आगामी कदम

१) पूर्ण खोप अवस्थालाई निरन्तरता दिन र सुनिश्चितता प्रदान गर्नको लागि बच्चाको पहिलो खोप प्राप्त गरेपछि खोप पूरा नहुन्जेलसम्म खोजी गर्ने प्रक्रिया स्वास्थ्य संस्थाबाट सञ्चालन गर्ने ।

२) गाउँपालिका देखि स्वास्थ्य संस्थासम्म खोप कार्यक्रमको रेखदेख तथा अनुगमन र सुपरिवेक्षण प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका स्तरीय खोप निगरानी प्रणाली स्थापना गर्ने ।

३) खोप रजिष्टरमा अनिवार्य रुपमा अभिभावकको फोन नं. राखी नआउनको कारण सम्बन्धित खोप केन्द्रबाट नै लिई कैफियतमा जनाउने ।

# पोषण कार्यक्रम

**परिचय**

मानवको विकास र वृद्धिको लागि पोषण अत्यावश्यक तत्व हो । हामीकहाँ एक तर्फ भोक मेटाउने नै समस्या छ भने अर्को तर्फ सन्तुलित भोजन खान नसकेको अवस्था छ । त्यसैले यी दुवै पक्षलाई एकैपटक सामाधान गरिनु पर्दछ । खासगरी हामी कहाँ कुपोषण प्रोटिन र तागत कम भएका खाना खाएर भएको छ भनी अर्को तर्फ अति सुक्ष्म तत्वको कमी भएर कुपोषण भएको हो । जस्तै : आयोडिनको कमी, फलाम र भिटामिन ए को कमी, आमाको दुध खान नपाएर शिशुमा हुने कुपोषण आदि मुख्य छन् । पोषण कार्यक्रमको मुख्य उद्देश्य कुपोषणमा पर्न सक्ने समूहलाई ध्यानमा राखी कुपोषण हुनबाट जोगाउनु हो । कुपोषित हुन सक्ने समूहमा विशेषतः गर्भवती महिला, शिशु र बच्चाहरु, किशोरकिशोरीहरु, दुध खुवाउने आमाहरु र वृद्धवृद्धाहरु पर्दछन् । २ वर्ष मुनिको बच्चाको वृद्धि अनुगमन गर्ने, भिटामिन ए, लौह तत्व र आयोडिनको कमीबाट हुन सक्ने समस्या हुन नदिने र १-५ वर्ष माथिका बच्चालाई जुकाको औषधि खुवाउने तथा गर्भवती र दुध खुवाउने आमाहरुलाई सुपोषित गराउने क्रियाकलाप यस कार्यक्रममा पर्दछन्।

**लक्ष्य**

पोषणयुक्त स्वास्थ्य जीवनशैली अपनाई उत्पादनशील हुनेछन्

**उद्देश्य**

- २ वर्ष मुनिका बच्चा, गर्भवती र दुध खुवाउने आमाहरुलाई, प्रोटिन र तागतिलो खानाको कमीबाट हुने कुपोषणलाई घटाउने ।
- रक्तअल्पताको समस्याबाट बच्चा र आमालाई जोगाउने ।
- भिटामिन ए को कमिको कारणबाट हुने समस्यालाई निवारण गर्ने ।
- बच्चा र गर्भवतीमा जुकाको संक्रमण कम गर्ने ।
- स्थानीय खानालाई बढावा दिने ।
- सुरक्षित खाना र खाद्य सुरक्षालाई व्यवस्थित गर्ने ।
- विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गर्ने ।
- विपत्तिमा हुन सक्ने कुपोषणको अवस्थाबाट बचाउने ।
- पोषण स्थितिको विश्लेषण गर्ने ।
- गर्भवती महिलाहरुको पोषण अवस्थालाई सुधार गरी कम तौल भई जन्मने शिशुहरुको दरलाई कम गर्ने।

**रणनीति**

- म.स्वा.स्व.से. को माध्यमबाट समुदायमा पोषण ज्ञान तथा सीपको विकास गर्ने ।
- आमा समूहको बैठकहरुमा पोषण सम्बन्धी छलफल गर्ने ।
- स्थानीय सञ्चार माध्यमहरुबाट पोषण शिक्षाको सञ्चार गर्ने ।

- चाडपर्व तथा अन्य सांस्कृतिक कार्यक्रमको अवसर पारी मानिसहरुको जमघट भएको स्थानमा स्वास्थ्य शिक्षा प्रदर्शनीको व्यवस्था गर्ने ।
- विद्यालयहरुमा पोषण शिक्षाको कक्षाहरु सञ्चालन गर्ने ।
- विद्यालयमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका १०—१९ वर्षका किशोरीहरुलाई आइरन फोलिक एसिडबाट हुने रक्तअल्पता रोग नियन्त्रण गर्ने ।
- सेतो गुँरास वाल विकास सेवा रुपन्देहीको सहकार्यमा ६ देखि ५९ महिनाका वाल वालिकाको पोषण अवस्था सुधारका लागि स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गर्ने ।

**मुख्य सुचकहरुको प्रवृतिः**

**पोषण कार्यक्रमः-**

| क्र.स. | पोषण कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | ४ | ४ | ८ |
| २ | नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरुको प्रतिशत | ११९ | ९८ | ९९ |
| ३ | नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरुको प्रतिशत | ९ | ४ | ० |
| ४ | जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | ९४ | ८९ | ९० |
| ५ | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | ९२ | ९१ | ९३ |
| ६ | गर्भवती अवस्थामा १८० दिन क्याल्सियम चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | ९२ | ९१ | ९३ |
| ७ | वृद्धि अनुगमनमा २ वर्ष मुनीका शिशुहरूको औषत भेट | १६ | १६ | १७ |
| ८ | गम्भिर कुपोषित बच्चाको संख्या (NUMBER OF SAM CASES) | १२ | १३ | १० |
| ९ | गम्भिर कुपोषित बच्चा निको भएको प्रतिशत (% of recovery rate of SAM cases) | ९३ | ७५ | ९२ |
| १० | ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाहरूको प्रतिशत | २० | १५ | ३४ |
| ११ | भिटामिन ए को आम वितरणको कभरेज | ११७ | १०१ | १०० |
| १३ | जुकाको औषधि आम वितरण कभरेज | ११९ | १०४ | १०० |

## पोषण कार्यक्रम




## पोषण कार्यक्रम



**सम्पादित प्रमुख क्रियाकलापहरु**

१. गाउँपालिका तथा स्वास्थ्य संस्थाहरुमा पोषण सप्ताह, आयोडिन महिना र स्तनपान सप्ताह मनाइएको ।

२. भिटामिन "ए" वितरणको लागि म.स्वा.स्व.से. परिचान गरिएको ।

३. गाउँपालिका अन्तर्गत ३० वटा विद्यालयमा अध्ययनरत १०—१९ वर्षका ३५६५ जना किशोरीहरुलाई आइरन फोलिक एसिड तथा ११९४० जना किशोर किशोरीहरुलाई जुकाको औषधि वितरण गरिएको थियो ।

४. विद्यालयमा अध्ययनरत किशोरीहरु तथा गर्भवती आमालाई क्याल्सियम तथा आइरन चक्कि वितरण गरिएको ।

५. विद्यालयमा अध्ययनरत ६७८ जना किशोरीहरुको रक्त अल्पता जाँच गरिएको जसमा २.३७ प्रतिशत किशोरीहरुमा रक्त अल्पता देखिएको थियो ।

६. सुनौलो हजार दिनका आमा तथा ५ वर्ष मुनिका बालबालिकाहरुको समुदायमा पोषण लेखाजोखा कार्यक्रम सम्पन्न जसमा २७५६ जना बालबालिकाले सेवा पाएका थिए ।

७. ५ वटै स्वास्थ्य संस्थामा CB-IMNCI Onsite coaching कार्यक्रम सम्पन्न ।

# समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम

**परिचय**

समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम निमोनिया, झाडापखाला, दादुरा, औलो, कानको समस्या र कुपोषणलाई लेखाजोखा र व्यवस्थापन गर्दछ । यस कार्यक्रमको लक्षित जनसंख्या ५ वर्ष मुनिका बालबालिका हुन् ।

**लक्ष्य**

५ वर्ष मुनिका बच्चाहरुको बिरामी र मृत्यु हुने दरलाई घटाई बच्चाको वृद्धि र विकासलाई प्रवर्द्धन गर्ने।

**रणनीतहिरु**

- महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको माध्यमबाट घर परिवारसम्म सन्देशहरु प्रवाह गर्ने।
- अन्तरव्यक्ति सञ्चार, परामर्श तथा सञ्चार माध्यमहरुको प्रयोगबाट परिवारमा स्वास्थ्य बानी व्यवहारको अवलम्बन गर्ने ।
- स्वास्थ्य सामाग्री र औषधिको व्यवस्थापन गर्ने ।
- अनुगमन र सुपरिवेक्षणको बेला स्थलगत अनुशिक्षण गर्ने ।

**समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम**

| क्र.स | समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम | २०८० /०८१ | २०८१ /०८२ | २०८२ /०८३ |
|---|---|---|---|---|
| १ | २ महिना मुनिका शिशुहरू मध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुहरूको प्रतिशत | ३.०६ | ० | ० |
| २ | ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत | १०० | ० | ० |
| ३ | श्वासप्रश्वास बिरामी दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | २२५ | १९० | २०१ |
| ४ | निमोनिया बिरामीको दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | २४ | ३९ | १० |
| ५ | निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एन्टीवायोटिकबाट उपचार गर्नेको प्रतिशत | १०० | १०० | १०० |
| ६ | झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरुमा) | १६२ | १३७ | १२० |

| | | | | |
|---|---|---|---|---|
| ७ | जम्मा नयाँ झाडापखालाका बिरामी मध्ये केही जलवियोजन प्रतिशत | ० | ० | १ |
| ८ | जम्मा नँया झाडापखालाका बिरामी मध्ये कडा जलवियोजन प्रतिशत | ० | ० | ० |
| ९ | ५ वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | १०० | १०० | १०० |
| ११ | २ महिना मुनिका शिशुको जम्मा मृत्यु | ० | ० | ० |
| १२ | २-५९ महिनाका बालबालिकाको जम्मा मृत्यु | ० | ० | ० |

## समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम



# सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रमले आमा र शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउछ । यस सेवाले बच्चा र आमाहरुको बिरामी अङ्गभङ्ग तथा मृत्यु हुनबाट जोगाउँछ । गाउँघर क्लिनिक, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट सुरक्षित मातृत्व सेवा पुऱ्याइएको छ ।

**लक्ष्य**

- पूर्व प्रसुति, प्रसुति र उत्तर प्रसुतिका कारणबाट हुने जटिलता तथा समस्याहरुलाई चाँडो भन्दा चाँडो समाधान गर्ने ।
- Zero Home Delivery घोषणा कार्यक्रमलाई निरन्तरता दिने ।
- SBA बाट प्रसुति हुने दरमा वृद्धि गर्ने ।

**उद्देश्य**

- मातृ तथा नवजात शिशुको बिरामी तथा मृत्युदरलाई घटाउने ।

**रणनीति**

- मासिक, चौमासिक तथा वार्षिक कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित जनसंख्याको आधारमा कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय सञ्चार माध्यमबाट सूचना प्रवाह गरी सेवाको पँहुच तथा उपभोगलाई लक्षित समूहमा पुऱ्याउने।
- प्रसुति केन्द्रहरुको नियमित अनुगमन गर्ने ।
- स्वास्थ्य संस्थाबाट सुरक्षित मातृत्वमा भएको क्रियाकलापहरुको पुनरावलोकन गर्ने ।
- सबै प्रसुति केन्द्र तथा समग्र स्वास्थ्य सेवाको बारेमा स्वास्थ्य चौकी प्रमुख, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा प्रा.स्वा.के. प्रमुखसँग छलफल गर्ने ।

**सम्पादित प्रमुख क्रियाकलापहरु**

- प्रसुति केन्द्रहरुमा करारमा अ.न.मी. भर्ना गरि सेवा सञ्चालन गरिएको ।
- आमा सुरक्षा कार्यक्रम सेवा प्रदान सोधभर्ना तथा यातायात खर्च १७३ जनालाई दिइएको ।
- गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा १५२ जनालाई दिइएको ।
- निःशुल्क गर्भपतन सेवा सञ्चालन गरिएको सेवाग्राही संख्या १५७ रहेको ।
- सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत कञ्चन गाउँपालिका भित्रका प्रसुति केन्द्रमा सुत्केरी हुन आउने कञ्चनका आमाहरुलाई पोषण खर्च बापत नगद रु १००० का दरले वितरण गरिएको ।
- प्रत्येक स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन भएको जस्मा ६९४ जना गर्भवतीले सेवा प्राप्त गरेका छन् ।
- पूर्ण संस्थागत प्रसुतियुक्त पालिका घोषणा कार्यक्रम सम्पन्न गरिएको ।

- स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुको लागि संक्रमण रोगथाम (IP) तालिम सञ्चालन गरिएको ।
- गजेडी र रुद्रपुर स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा संक्रमण रोग थामको लागि वासिङ्ग मेसिन जडान गरिएको ।
- गजेडी र रुद्रपुर स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा AC जडान गरिएको ।
- बर्थिङ सेन्टरुमा सुत्केरी हुन आउने महिलाहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको।
- गर्भवती महिलाहरुको लागि निःशुल्क रगत जाँच (ANC Package) को व्यवस्था गरिएको ।
- प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिलालाई १ थानका दरले झुल वितरण गरिएको ।

**मुख्य सुचकहरुको प्रवृति**

गाउँपालिका भित्र २ वटा प्रसुति केन्द्रबाट सेवा प्रवाह गरिदै आइएको छ । संस्थागत प्रसुति हुनेको संख्या क्रमशः वृद्धि हुदै गइरहेको छ । सबैभन्दा धेरै प्रसुति हुने महिलाको संख्या गजेडी स्वास्थ्य चौकीमा रहेको छ।

**सुरक्षित मातृत्व कार्यक्रमः-**

| क्र.स. | सुरक्षित मातृत्व कार्यक्रमः- | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | कम्तिमा १ पटक जुनसुकै समयमा गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत | १०० | ९८ | १११ |
| २ | प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच गराएका गर्भवती महिलाहरुको | ७६ | ८४ | ९४ |
| ३ | प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत | ९२ | ९१ | ९३ |
| ४ | प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत | ६० | ७९ | ८२ |
| ५ | घरमा जिवित जन्म भएको नवजात शिशुको जम्मा संख्या | ० | ० | ० |
| ६ | संस्थागत प्रसुति दर | २८ | २१ | २४ |
| ७ | दक्ष प्रसुतिकर्मीद्वारा प्रसुति भएको दर | १०० | १०० | १०० |
| ८ | प्रोटोकल अनुसार घरमा २ पटक सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत | ६५ | ८१ | ९२ |
| ९ | प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत | ५९ | ७८ | ८६ |
| १० | संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | १०० | १०० | १०० |

| क्र.स. | सुरक्षित मातृत्व कार्यक्रमः- | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| ११ | संस्थागत सुत्केरी मध्ये चारपटक गर्भ जाँच गराए वापतको प्रोत्साहन लिने को प्रतिशत | १०० | १०० | १०० |
| १२ | सुरक्षित गर्भपतन गराउने महिलाहरूको दर | १९ | २२ | २२ |
| १३ | जम्मा मातृ मृत्यु संख्या | ० | ० | ० |
| १४ | जम्मा नवजात मृत्यु संख्या | ० | ० | ० |
| १५ | जम्मा मृत जन्म संख्या | ० | ० | ० |

**सुरक्षित मातृत्व कार्यक्रम**




## समस्या र चुनौतिहरु

- प्रसुति केन्द्रको संख्या र प्रसुति केन्द्रहरुलाई २४ सै घण्टा सञ्चालन गर्न तालिम प्राप्त दक्ष प्रसुतिकर्मीको अभाव ।
- SBA तालिमको अभावको कारण प्रसुति गराउन समस्या भएको ।

## आ.व. २०८२/८३ मा प्रसुति सेवा केन्द्रहरुबाट प्रदान गरिएको प्रसुति सेवाको विवरण

| क्र.स. | स्वास्थ्य संस्था | सामान्य प्रसुति | जटील | शल्य क्रिया | जम्मा | यातायात खर्च पाएका संख्या | गर्भवती उत्पेरणा पाएका संख्या | न्यानो भोला पाएको संख्या | रिफर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गजेडी स्वास्थ्य चौकी | ८७ | ० | ० | ८७ | ८७ | ७२ | ८७ | ४० |
| २ | रुद्रपुर स्वास्थ्य चौकी | ८६ | ० | ० | ८६ | ८६ | ८० | ८६ | ११५ |
| जम्मा पालिका | | | ० | ० | १७३ | १७३ | १५२ | १७३ | १५५ |

# परिवार योजना र सामुदायिक सेवा कार्यक्रमः-

समृद्ध र व्यवस्थित परिवार नै परिवार योजनको चाहना हो । स्थायी र अस्थायी गरी २ प्रकारका परिवार नियोजनका सेवाहरु प्रदान गरिएको छ । परिवार नियोजनका सेवाहरु स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाँउघर क्लिनिक र म.स्वा.स्व.से. बाट निःशुल्क उपलब्ध गराइन्छ । यसै गरी निजी स्वास्थ्य संस्था तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुबाट समेत यो सेवा उपलब्ध छ । लगातार प्रयोगकर्ताहरुको संख्या यस आ.व. मा वृद्धि भएको छ ।

**लक्ष्य**

परिवार नियोजनका साधनहरुको उपयोगद्वारा जन्म दरमा कमी ल्याई आमा तथा बच्चाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दै सामाजिक-आर्थिक-वातावरणीय सन्तुलन सहित जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने।

**उद्देश्यहरू**

- जन्मान्तर र चाहेजति  सन्तान जन्माउने ।
- अनिश्चित गर्भधारण हुनबाट रोक्ने ।
- प्रजनन स्वास्थ्यमा सुधार ल्याउने ।
- जन्मान्तरका साधनहरु निःशुल्क लक्षित समुदाय सम्म पुऱ्याउने ।

**रणनीतिहरु**

- सबै स्वास्थ्य संस्थाहरुमा वर्षभरी अभाव नहुने गरि अस्थायी साधनहरु उपलब्ध गराउने ।
- स्थायी बन्ध्याकरण सेवाको लागि घुम्ति शिविर प्रयोग गर्ने ।
- समुदाय सुसूचित गराउन विभिन्न सञ्चार माध्यमको प्रयोग गर्ने ।
- प्रजनन स्वास्थ्य समन्वय समितिको बैठकबाट कार्यहरु प्रभावकारी बनाउने ।
- म.स्वा.स्व.से.बाट अस्थायी साधनहरुको वितरण तथा स्थायी बन्धाकरण गर्न चाहनेको संख्या संकलन गर्ने
- मासिक तथा वार्षिक समिक्षाहरुमा आवश्यक छलफल चलाउने ।

**मुख्य सुचकहरुको प्रवृति**

- गाउँपालिकाको समग्र CPR कम नै रहेको छ । निजी क्लिनिकबाट दिइएको सेवालाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समाविष्ट गर्न नसक्नु नै कम CPR हुनुको एउटा प्रमुख कारण हो ।

| क्र.स. | परिवार नियोजन र सामुदायिक सेवा कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | परिवार नियोजन सेवाका नयाँ सेवाग्राही दर ( प्रजनन उमेरका महिलाहरु मध्ये) | १२ | १५ | १८ |
| २ | हाल अपनाईरहेका परिवार नियोजन सेवाको दर | २४ | २९ | ३२ |
| ३ | गाउँघर क्लिनिक सञ्चालन प्रतिशत | १०० | १०० | १०० |
| ४ | प्रत्येक गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | १६ | ११ | १७ |
| ५ | खोप क्लिनिक सञ्चालन प्रतिशत | १०० | १०० | १०० |
| ६ | खोप क्लिनिक सेवा लिएका सेवाग्राहीको औसत संख्या | ४२ | ४१ | ४२ |
| ७ | आमा समूहको बैठक सञ्चालन प्रतिशत | १०० | १०० | १०० |
| ८ | महिला स्वास्थ्य स्वयं सेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीकोऔसत संख्या | १७ | २० | २३ |

**परिवार नियोजन र सामुदायिक सेवा कार्यक्रम:-**



### समस्या र चुनौतिहरु

- निजी र गै.स. संस्थाको रिपोर्टलाई समेट्न नसकिएको ।

### प्रजनन स्वास्थ्य रुग्णता सेवा

| प्रजनन स्वास्थ्य रुग्णता सेवाहरु | जाँच गरेको संख्या | पहिचान भएको संख्या |
|---|---|---|
| पाठेघरको मुखको क्यान्सर जाँच (सबै विधिबाट) | ६५४ | ८४ |
| पाठेघरको मुखको क्यान्सर जाँच (VIA विधिबाट) | ६५४ | ८४ |
| Fistula को जाँच | ६५४ | ० |
| आङ् खस्ने समस्याको जाँच | ६७६ | १४ |

| आङ् खस्ने समस्या | महिलाको संख्या |
|---|---|
| Prolapse **पत्ता लागेका (**Stage 1 and 2) | ८ |
| Prolapse पत्ता लागेका (Stage 3) | ६ |
| Prolapse पत्ता लागेका (Stage 4) | ० |
| Ring Pessary लगाएको | १४ |
| शल्यक्रिया गरेको | ० |

| पाठेघरको मुखको क्यान्सर र Obstetric fistula | महिलाको संख्या |
|---|---|
| Thermocoagulation र Cryotherapy गराएको | २ |
| Obstetric fistula / Prolapse शल्यक्रियाको लागि प्रेषण गरेको | १ |

### सम्पादित प्रमुख क्रियाकलापहरु

- पाँचवटै स्वास्थ्य संस्थाका ७ जना नर्सिङ्ग कर्मचारीहरुलाई तालिम दिई नियमित सेवा सञ्चालनमा रहेको।
- ३ वटा स्वास्थ्य संस्थामा VIA क्याम्प सञ्चालन गरिएको ।

# राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम

**परिचय**

क्षयरोग नियन्त्रण नेपाल सरकारको पहिलो प्राथमिकतामा परेको कार्यक्रम हो । क्षयरोग जनस्वास्थ्यको समस्याका रुपमा रही आएको छ । यस कार्यक्रमले गाउँपालिकाको क्षयरोग नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको छ । कार्यक्रममा क्षयरोगको रोकथाम गर्नुका साथै डट्स विधिबाट क्षयरोगका बिरामीहरुको उपचार गरिन्छ । कञ्चन गाउँपालिका अन्तरगत २ वटा माईक्रोसकोपिक सेन्टरबाट खकार परीक्षण तथा ५ वटा क्षयरोग उपचार केन्द्रहरुबाट डट्स सेवा दिदै आइरहेको छ ।

**लक्ष्य**

क्षयरोगको प्रकोप दर तथा मृत्युदरलाई घटाउनुको साथै रोग सर्ने प्रकृयालाई रोकथाम गरी जनस्वास्थ्य समस्याको रुपमा रहन नदिने ।

**उद्देश्यहरु**

- गुणस्तरीय रोग निदानको लागि प्रयोगशाला सेवा र उपचार केन्द्र सर्वशुलभ बनाउने ।
- जोखिममा रहेका जनसमुदायलाई बचाउने ।
- रोग निदान र उपचारको क्रममा प्रयोग गरिने साधन तथा पद्धतिको विकास गर्ने ।
- क्षयरोगको रोकथाम, नियन्त्रण तथा उपचारको सबै जनतामा पहँुच पुर्‍याउने ।

**रणनीतिहरु**

- उच्च गुणस्तरीय डट्स कार्यक्रमको विस्तार
- राजनैतिक प्रतिवद्धता ।
- खकारको गुणस्तरीय परिक्षणद्वारा रोग निदान ।
- सुपरिवेक्षण तथा बिरामी सहायता सहितको स्तरीय उपचार ।
- प्रभावकारी औषधि वितरण तथा व्यवस्थापन प्रणाली ।
- अनुगमन र मूल्याङ्कन प्रणाली तथा प्रभावकारीताको मापन ।
- टि.वि.एच.आई.भी., डि.आर.टि.वि. तथा अन्य चुनौतिहरुको सामाधान गर्ने ।
- क्षयरोगका बिरामी तथा समुदायको सशक्तिकरण गर्ने ।

**क्षयरोग नियन्त्रणको लागि सञ्चालन गरिएका मुख्य गतिविधिहरु**

- कञ्चन गाउँपालिकाको आयोजना तथा BNMT Nepal र राष्ट्रिय क्षयरोग केन्द्रको प्राविधिक सहयोगमा AI X-ray को विधीद्वारा ५५६ जना संकासपद व्यक्तिहरुलाई सकृय क्षयरोग खोज पडताल कार्यक्रम सम्पन्न भएको थियो ।
- १०१ जनाको Gene-Xpert test तथा ९५ जनाको खकार परीक्षण गरियो ।
- ३ जनामा क्षयरोग पोजेटिभ भेटिएको थियो ।

## मुख्य सुचकहरुको प्रवृति

| क्र.स. | क्षयरोग कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | क्षयरोग बिरामी पत्ता लगाएको दर (नयाँ तथा रिल्याप्स पि.बि.सि.केशहरु ) | १४९ | १०० | १०० |
| २ | क्षयरोग बिरामी पत्ता लागेको दर सबै (केश नोटिफिकेशन रेट ) | २१७ | १८६ | १६० |
| ३ | उपचार सफलता दर | ९३ | ९५ | १०० |
| ४ | मृत्यु दर | ६ | ४ | ० |

## क्षय रोग नियन्त्रण कार्यक्रम




| क्र.स. | रोग नियन्त्रण कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | औंलोको रक्त नमुना संकलन संख्या | १०१४ | ८९७ | १२१५ |
| २ | औंलोको स्लाइड नमुना पोजेटिभ दर | ० | ० | ० |
| ३ | आयातित औंलोरोगको प्रतिशत (नयाँ औंलो | ० | ० | ० |
| ४ | जम्मा औंलो रोग मध्ये प्लाज्मोडियम | ० | ० | ० |
| ५ | जम्मा डेंगुको बिरामी संख्या | ० | ० | ० |
| ६ | क्षयरोगी बिरामी पत्ता लागेको दर (सबै) | २१७ | १८६ | १६० |
| ७ | क्षयरोगको उपचार सफलता दर | ९३ | ९५ | १०० |
| ८ | कुष्ठरोगको रोग प्रकोप दर (प्रति | १.५८ | १.३३ | १.३७ |
| ९ | कुष्ठरोगको ग्रेड २ असमर्थता दर | ० | ० | ० |
| १० | ए. आर. टी. उपचारमा रहेका जम्मा एच. आइ. भी. पोजेटिभको संख्या | १ | ० | २ |

# कुष्ठरोग नियन्त्रण कार्यक्रम

**परिचय**

आ.व.२०६६/०६७ मा विश्व कुष्ठरोग दिवसको अवसरमा नेपाललाई कुष्ठरोग निवारण घोषणा गरियो तर रुपन्देही जिल्ला अझै सम्म पनि कुष्ठरोग निवारण हुन सकेको छैन । हाल यस पालिकामा ६ जना नयाँ कुष्ठ रोगको बिरामी दर्ता भएका छन् ।

**लक्ष्य**

कुष्ठरोग मुक्त समाजको सृजना गर्ने ।

**उद्देश्य**

कुष्ठरोग निवारण अवस्थालाई कायम राख्ने ।

**रणनीतिहरु**

- सबै स्वास्थ्य संस्थाहरुबाट बहु-औषधि सेवा आवश्यकता अनुरुप निःशुल्क उपलब्ध गराउने ।
- शुरु अवस्थामा नै रोग पत्ता लगाई उपयुक्त उपचार माध्यमबाट असमर्थता हुनबाट जोगाउने ।
- जनसहभागीतामा आधारित कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।
- उपयुक्त स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार माध्यमलाई उपयोग गरी जनचेतना अभिवृद्धि गर्ने ।
- गुणस्तरीय सेवाको सुनिश्चितताको लागि आवश्यकता अनुसार रेखदेख, अनुगमन र मूल्याङ्कन गर्ने ।

**कुष्ठ रोग नियन्त्रणको लागि सञ्चालन गरिएका मुख्य गतिविधिहरु**

- कुष्ठरोग कार्यक्रम अन्तर्गत स्वयं हेरचाह समुहलाई बिउँ पुँजि थप, क्रियाकलाप सञ्चाल अनतर्गत विश्व कुष्ठरोग दिवस मनाई कुष्ठरोग प्रभावितहरुलाई नरियोलको तेल र साबुन वितरण ।
- स्वयं हेरचाह समुहलाई तीस हजार बिउ पुँजि भुक्तानी ।
- ५ वटै वडामा कुष्ठरोग सकृय खोजपडताल कार्यक्रम सम्पन्न भएको जस्मा १२१ जनालाई सेवा दिएको।

**मुख्य सुचकहरुको प्रवृति**

| क्र.स. | कुष्ठरोग कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| 1 | New Case Detection Rate | १.५८ | १.३३ | १.३७ |
| 2 | Prevalence Rate | १५.८५ | १३.३२ | १३.६८ |
| 3 | Leprosy New Case | ० | ० | ० |
| 4 | Female Proportion Among New % | | | |
| 5 | Proportion of Children (0-14 years) | | | |

| क्र.स. | कुष्ठरोग कार्यक्रम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| | among new case | | | |
| 6 | % of new cases which are MB | | | |
| 7 | Number of Leprosy Case with Disability Grade 2 | | | |

## कुष्ठ रोग नियन्त्रण कार्यक्रम



# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम

**परिचय**

महिला स्वास्थ्य स्वंय सेविका कार्यक्रम २०४९ साल देखि यस जिल्लामा लागु भइरहेको छ । जुन स्वास्थ्य सेवा प्रवाह गर्ने महत्वपूर्ण कार्यक्रम हो । गाउँपालिकामा ५९ म.स्वा.स्व.से.हरु कार्यरत छन् । सबै म.स्वा.स्व.सेहरुले आफ्नो स्वंयसेवी भावनाका साथ सक्रिय रुपमा उत्कृष्ट सेवा पुऱ्याउदै आएका छन्। अधिकांश कार्यक्रमहरु म.स्वा.स्वं.से.को सहयोगमा सञ्चालित छन् ।

**लक्ष्य**

समुदायलाई जनस्वास्थ्य क्रियाकलापहरुमा सहभागी बनाउने ।

**उद्देश्यहरु**

- समुदायको स्वास्थ्य समस्या समाधान हेतु म.स्वा.स्व.से.को. ज्ञान र सिपको वृद्धि गर्ने ।
- समुदायको स्वास्थ्य समस्या सामाधानको लागि स्वंय लागि पर्ने कार्यमा उत्प्रेरित गर्ने ।
- समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई सञ्चालन गर्न म.स्वा.स्व.से. हरुलाई माध्यमको रुपमा विकास गर्ने ।
- समुदायको सहभागिता वृद्धि गर्ने म.स्वा.स्व.से.लाई उत्प्रेरकको रुपमा प्रस्तुत गर्ने ।
- आफ्ना स्वास्थ्य समस्यारुको पहिचान गरी सामाधानको मार्ग पहिल्याउने ।

**रणनीतिहरु**

- म.स्वा.स्व.से. को कोष म.स्वा.स्व.से. तथा समुदायको स्वास्थ्य उत्थानमा लगाउने ।
- सम्बन्धित वडाहरुमा म.स्वा.स्व.से.हरुलाई स्रोत व्यक्तिको रुपमा खडा गर्ने ।
- म.स्वा.स्व.से.को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- म.स्वा.स्व.से. लाई उत्प्रेरित तथा पुरस्कारको व्यवस्था गर्ने ।

**सम्पादित मुख्य क्रियाकलापहरु**

- म.स्वा.स्व.से. हरुलाई पोषाक भत्ता वितरण गरिएको ।
- म.स्वा.स्व.से. हरुलाई खाजा खर्च भुक्तानी दिएको ।
- महिला स्वास्थ्य स्वंय सेविकाहरुको लागि प्रोत्साहन स्वरुप वार्षिक रु.१२०००।- का दरले यातायात खर्च भुक्तानी दिइएको।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई यातायात खर्च स्वरुप प्रति व्यक्ति वार्षिक रु.६०००।- का दरले यातायात खर्च भुक्तानी गरिएको ।
- ५९ जना महिला स्वंय सेविकाहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गरियो ।
- उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुलाई दिवसको अवसर पारेर पुरस्कृत गरिएको।
- म.स्वा.स्व.सेहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिएको ।

- म.स्वा.स्व.से. हरुलाई अन्तर जिल्ला तथा अन्तरपालिका भ्रमण गराइएको ।
- ५९ जना महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिदिएको ।महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई आकस्मिक अवस्थामा पहिचान लागि लोगो सहितको हाफ ज्याकेट वितरण गरिएयो ।
- म.सा.स्वा.स्वयं से. को अन्तर जिल्ला तथा अन्तरपालिका अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको ।
- म.सा.स्वा.स्वयं सेविका दिवस तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको ।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको लागि निजहरुको कामको उच्च मूल्याङ्कन गरि मनोवल वृद्धि गर्नको लागि यातायात , खाजा तथा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा ल्याइएको।
- ६० वर्ष उमेर पुगेको १ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई सम्मानजनक बिदाई गरिएको ।
- स्वास्थ्य कार्यालयसँगको सहकार्यमा ४५ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई ४ दिनको रिफ्रेसर तालिम सञ्चालन गरिएको ।
- ५९ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको ।
- ५९ जना म स्वयम् सेविकाहरुलाई.स्वा.सा. HMIS 9.1 को तालिम सञ्चालन गरेको ।
- म.सा.स्वा.स्वयम् सेविकाहरुको वार्षिक तथा अर्धवार्षिक समिक्षा कार्यक्रम सञ्चालन गरिएको ।

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम**

| सूचक | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| आमा समूहको बैठक सञ्चालन प्रतिशत | १०० | १०० | १०० |
| महिला स्वास्थ्य स्वयं सेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या | १७ | २० | २३ |



# गाउँघर क्लिनिक कार्यक्रम

## परिचय

आधारभूत स्वास्थ्य सेवामा जनताको पँहुच पुग्न सकोस् भन्ने अभिप्रायले स्वास्थ्य संस्थाबाट आधा घण्टा भन्दा टाढा रहेका स्थानहरुमा गाउँघर क्लिनिहरु स्थापना भएका छन् । गाउँपालिका भरी जम्मा ८ वटा गाउँघर क्लिनिक प्रत्येक महिना सञ्चालनमा रहेका छन् । जहाँबाट परिवार नियोजन तथा सुरक्षित मातृत्व सम्बन्धी सेवाको साथै अन्य साधारण उपचारात्मक सेवाहरु उपलब्ध भइरहेको छ । सामान्यतयाः खोप सञ्चालन हुने दिन भन्दा दश दिनको फरकमा गाउँघर क्लिनिकहरु सञ्चालन हुन्छन् ।

## लक्ष्य

स्वास्थ्य संस्थामा सेवामा सेवा लिन आउन आधा घण्टा भन्दा बढी समय लाग्ने स्थानहरुमा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने ।

## उद्देश्यहरू

- प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवाहरु घरदैलोमा पुऱ्याउनु ।
- सामान्य प्रकारका उपचार सेवा पुऱ्याउने ।
- समुदाय र स्वास्थ्य संस्थाबीच सेवा र सम्बन्ध स्थापना दिगो गराउने ।
- स्वास्थ्य सेवाको उपभोग दर वृद्धि गर्ने ।

## रणनीतिहरु

- चाहिने सामाग्री, औषधि तथा उपकरणहरुको निश्चित गर्ने ।
- उपलब्ध सेवा र आवश्यकताको विश्लेषण गर्ने ।
- म.स्वा.स्व.से.हरुलाई सेवा उपभोग, विस्तार तथा सञ्चालन सहभागी बनाउने ।
- स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा सेवाको सम्बन्धमा छलफल गर्ने ।
- अभिलेख र प्रतिवेदन तुरुन्त राख्ने ।

**मुख्य सूचकहरुको प्रवृति**




| गाउँघर क्लिनिक कार्यक्रम | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | गाउँघर क्लिनिक सञ्चालन प्रतिशत | १०० | १०० | १०० |
| २ | गाउँघर क्लिनिकबाट औषत सेवा | १६ | ११ | १७ |

**समस्या र चुनौतिहरु**

- स्वास्थ्य सेवाबाट पाइने सेवाहरु अधिकांश पाइयोस् भन्ने सेवाग्राहीको धारणा ।
- सेवा सञ्चालनको समय बिहान र साँझमा होस् भन्ने सेवाग्राहीको माग ।

**उपचारात्मक सेवाः- आ.व. २०८२/८३**

| सुचकहरू | अवस्था |
|---|---|
| ओ. पि. डी. बाट सेवा लिएका जम्मा नयाँ तथा दोहोराई आएका बिरामीहरुको संख्या | २२२७७ |
| ओ. पि. डी. बाट सेवा लिएका नयाँ बिरामी संख्या मध्ये महिलाहरूको प्रतिशत | ६२ |
| ओ. पि. डी. बाट सेवा लिएका नयाँ बिरामीहरूको जातिगत विवरण | |

| | |
|---|---|
| दलित | ३२५५ |
| जनजाति | ५९३९ |
| मुस्लिम | २०४० |
| मधेसी | १५५ |
| ब्राहमण क्षेत्री | ५२२५ |
| अन्य | १८८ |

**दश मुख्य रोगहरुः-**

| क्र.स. | रोगहरु | संख्या |
|---|---|---|
| १. | Gastritis/APD | १८६३ |
| २. | Upper Respiratory Tract Infection(URTI) | ९५० |
| ३. | Headache | ७८० |
| ४. | Hypertension | ७४० |
| ५. | Muskuloskeletal Pain | ७२० |
| ६. | Injuries-Cut Injuries | ६८७ |
| ७. | Fungal Infection | ६७८ |
| ८. | Fever | ६६२ |
| ९. | Cough | ६४४ |
| १०. | Itching | ४९२ |

# राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम

**परिचय**

तालिम कार्यक्रमहरुले स्वास्थ्य सेवा प्रवाह गर्न महत्वपूर्ण भूमिका खेलेको छ । मानवीय स्रोतलाई उचित प्रयोग गरी स्वास्थ्य सेवाको प्रवाहलाई गुणात्मक बनाउन जिल्ला तथा प्रदेशमा भएका तालिमहरुले प्रयाप्त सहयोग गरेका छन् ।

**लक्ष्य**

गाउँपालिकाको स्वास्थ्य स्थितिलाई उकास्नको लागि मानविय स्रोतलाई प्रतिस्पर्धी तथा उत्पादनशील बनाउने ।

**उद्देश्यहरू**

- स्वास्थ्य संस्थाहरुले प्रभावकारी तथा गुणात्मक सेवा प्रदान गर्ने ।
- स्वास्थ्यकर्मीहरुको सिप र ज्ञानलाई अभिवृद्धि गर्ने ।
- भइरहेको ज्ञान र सूचनालाई समयसापेक्ष बनाउने ।

**रणनीतीहरु**

- तालिमको आवश्यकताको विश्लेषण गर्ने ।
- तालिमलाई कार्यक्रमको आवश्यकता अनुसार सञ्चालन गर्ने ।
- रेकर्ड रिपोर्टलाई दुरुस्त राख्ने ।

**सम्पादित क्रियाकलापहरु**

- स्वास्थ्य संस्थामा कार्यरत विभिन्न स्वास्थ्यकर्मीहरुले स्वास्थ्य सम्बन्धी विभिन्न आवश्यक पर्ने तालिम सञ्चालन गरिएका छन् ।
- स्वास्थ्य कार्यलय रुपन्देही तथा स्वास्थ्य तालिम केन्द्रबाट स्वास्थ्यकर्मीहरुलाई समय समयमा विभिन्न तालिमहरु सञ्चालन गरिएको थियो ।
- स्वास्थ्यकर्मीहरुको लागि २ दिने PAMS V2/ e-LMIS तालिम सम्पन्न गरिएको ।
- २८ जना विद्यालयमा अध्यापन गर्ने रेडक्रस फोकल शिक्षकलाई प्राथमिक उपचार तालिम दिएको ।

**उपलब्धि**

- तालिम प्राप्ति पछि सम्पादित क्रियाकलापहरुमा उल्लेखनीय परिवर्तन भएको छ ।

**समस्या र चुनौतिहरु**

- बजेटको अभावको कारण आवश्यक अनुसार तालिम सञ्चालन गर्न नसकिएको ।
- तालिमको लागि दक्ष प्रशिक्षकको अभाव ।
- तालिम सामाग्रीहरुको प्रर्याप्त व्यवस्था गर्न नसकिएको ।

| क्र.सं | नाम थर | पद | ठेगाना /कार्यरत संस्था | तालिमको नाम | अवधि मिति | | तालिम प्रदान गर्ने संस्था/निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | गिताराम रिजाल | स्वास्थ्य अधिकृत | गजेडी स्वास्थ्य चौकी | सामाजिक परीक्षण | ०४/०७/२०८२ | ०४/०७/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| २ | सिमा थापा | अ.हे.व. | रुद्रपुर स्वास्थ्य चौकी | कुष्ठरोग रिफ्रेसर तालिम | ०५/०८/२०८२ | ०५/०८/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| ३ | कर्णराज शर्मा जैसी | ज स्वा नि | रुद्रपुर स्वास्थ्य चौकी | ASHR | ०७/२१/२०८२ | ०७/२५/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| ४ | शोभा तरामु | अ.न.मि. | गजेडी स्वास्थ्य चौकी | खोप रिफ्रेसर | ०८/०५/२०८२ | ०८/०६/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| ५ | ईन्द्रकला भण्डारी | अ.न.मि. | रुद्रपुर स्वास्थ्य चौकी | खोप रिफ्रेसर | ०८/०५/२०८२ | ०८/०६/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| ६ | रमेश पौडेल | अ.हे.व. | गजेडी स्वास्थ्य चौकी | कुष्ठरोग रिफ्रेसर तालिम | ०५/०८/२०८२ | ०५/०८/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| ७ | सेजल गुरुङ्ग | ल्याव असिष्टेन्ट | गजेडी स्वास्थ्य चौकी | कुष्ठरोग निदानका लागि Slit Skin Smear तालिम | २६/८/२०८२ | ०१/०९/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| ८ | सावित्रा पोखेल | अ.न.मि. | गजेडी स्वास्थ्य चौकी | EOC Referal system | ०२/०९/२०८२ | ०२/०९/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| ९ | रुप कुमारी गुरुङ्ग | विद्यालय नर्स | गजेडी स्वास्थ्य चौकी | खोप आधारभूत तालिम | ०८/२८/२०८२ | ०२/०९/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १० | संगिता आचार्य ढकाल | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | खोप आधारभूत तालिम | ०८/२८/२०८२ | ०२/०९/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |

| क्र.सं | नाम थर | पद | ठेगाना /कार्यरत संस्था | तालिमको नाम | अवधि मिति | | तालिम प्रदान गर्ने संस्था/निकाय |
|---|---|---|---|---|---|---|---|
| ११ | मनिषा बुढाथोकी | अ.न.मि. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | MPDSR | ०६/०९/२०८२ | ०७/०९/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १२ | उषा बम रिजाल | अ.न.मि. निरीक्षक | गजेडी स्वास्थ्य चौकी | MPDSR | ०६/०९/२०८२ | ०७/०९/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १३ | सावित्रा पोख्रेल | अ.न.मी. | गजेडी स्वास्थ्य चौकी | स्तनपान परामर्श | ०९/१६/२०८२ | ०९/१८/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १४ | चन्चल खड्का | सि अ.न.मि. निरीक्षक | गजेडी स्वास्थ्य चौकी | VIA | ०९/१८/२०८२ | ०९/२१/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| १५ | सुनिता शर्मा | अ.न.मी. | रुद्रपुर स्वास्थ्य चौकी | स्तनपान परामर्श | ०९/२२/२०८२ | ०९/२४/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १६ | देवी सुनार | सि.अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भैसाही | क्षयरोग रिफ्रेसर | १०/०४/२०८२ | १०/०५/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १७ | रमेश पौडेल | सि.अ.हे.व. | गजेडी स्वास्थ्य चौकी | क्षयरोग रिफ्रेसर | १०/०४/२०८२ | १०/०५/२०८२ | स्वास्थ्य कार्यालय रुपन्देही |
| १८ | कर्णराज शर्मा जैसी | ज स्वा नि | रुद्रपुर स्वास्थ्य चौकी | BHS-STP | १०/०६/२०८२ | १०/०८/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| १९ | चन्दा सुनार | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र लौसा | BHS-STP | १०/०६/२०८२ | १०/०८/२०८२ | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| २० | लक्ष्मी गौतम के सी | सि.अ.हे.व. अधिकृत | आधारभूत स्वास्थ्य सेवा केन्द्र लौसा | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २१ | मिना थापा | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |

| क्र.सं | नाम थर | पद | ठेगाना /कार्यरत संस्था | तालिमको नाम | अवधि मिति | | तालिम प्रदान गर्ने संस्था/निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्र लौसा | | | | |
| २२ | गिताराम रिजाल | स्वास्थ्य अधिकृत | गजेडी स्वास्थ्य चौकी | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २३ | चन्चल खड्का | अ.न.मी. | गजेडी स्वास्थ्य चौकी | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २४ | संगिता आचार्य ढकाल | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २५ | मनिषा बुढाथोकी | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २६ | कर्णराज शर्मा जैसी | ज स्वा नि | रुद्रपुर स्वास्थ्य चौकी | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २७ | दुर्गा राना | अ.न.मी. | रुद्रपुर स्वास्थ्य चौकी | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २८ | देवी सुनार | सि.अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भैसाही | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| २९ | मिना पराजुली | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भैसाही | PAMSv2 e-LMIS | १०/२८/२०८२ | १०/२९/२०८२ | कञ्चन गाउँपालिका |
| ३० | मिना थापा | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र लौसा | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३१ | गिताराम रिजाल | स्वास्थ्य अधिकृत | गजेडी स्वास्थ्य चौकी | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३२ | चन्चल खड्का | सि.अ.न.मी.निरीक्षक | गजेडी स्वास्थ्य चौकी | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |

| क्र.सं | नाम थर | पद | ठेगाना /कार्यरत संस्था | तालिमको नाम | अवधि मिति | | तालिम प्रदान गर्ने संस्था/निकाय |
|---|---|---|---|---|---|---|---|
| ३३ | संगिता आचार्य ढकाल | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३४ | भुवराज गिरी | सि.अ.हे.व. | रुद्रपुर स्वास्थ्य चौकी | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३५ | पुजा थापा | सि.अ.न.मी.निरीक्षक | रुद्रपुर स्वास्थ्य चौकी | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३६ | मिना पराजुली | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भैसाही | Mental Health | १२/०५/२०८२ | १२/०७/२०८२ | SCDC Kanchan |
| ३७ | लक्ष्मी गौतम के सी | सि.अ.हे.व.अधिकृत | आधारभूत स्वास्थ्य सेवा केन्द्र लौसा | Nutrition (SAM)) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास रुपन्देही |
| ३८ | गिताराम रिजाल | स्वास्थ्य अधिकृत | गजेडी स्वास्थ्य चौकी | Nutrition (SAM) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास रुपन्देही |
| ३९ | चन्चल खड्का | सि अ.न.मि. निरीक्षक | गजेडी स्वास्थ्य चौकी | Nutrition (SAM) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास रुपन्देही |
| ४० | संगिता आचार्य ढकाल | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र हरैया | Nutrition (SAM) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास रुपन्देही |
| ४१ | कर्णराज शर्मा जैसी | ज स्वा नि | रुद्रपुर स्वास्थ्य चौकी | Nutrition (SAM) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास रुपन्देही |
| ४२ | पुजा थापा | सि अ.न.मि. | रुद्रपुर स्वास्थ्य चौकी | Nutrition (SAM) | १२/२०/२०८२ | १२/२२/२०८२ | सेतो गुराँस बाल विकास |

| क्र.सं | नाम थर | पद | ठेगाना /कार्यरत संस्था | तालिमको नाम | अवधि मिति | | तालिम प्रदान गर्ने संस्था/निकाय |
|---|---|---|---|---|---|---|---|
